जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

वर्ष ६ अंक ४७, २०७४ साल चैत २ गते शुक्रबार, नेपाल संवत् ११३८ (March. 16, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## वैज्ञानिक हकिङको महाप्रस्थान

२१ औं शताब्दीका महान वैज्ञानिक स्टेफन हकिङको ७६ वर्षको उमेरमा बेलायतको क्याम्ब्रिजस्थित घरमा १४ मार्चमा निधन भएको परिवारिक स्रोतले बताएको छ । उनी प्रसिद्ध भौतिशास्त्री थिए । हकिङले सन् १९८८ मा लेखेको 'अ ब्रिफ हिस्ट्री अफ टाइम' संसारमा सर्वाधिक बिक्री भएको पुस्तकमध्ये एक हो । भौतिकशास्त्र सम्बन्धमा ठूलो ज्ञान **बाँकी ८ पेजमा**



## सार्वजनिक बिदा कटौती हुने

काठमाडौं । नेपाल मात्र विश्वको त्यस्तो देश होला जहाँ सबभन्दा बढी बिदा हुने गर्छ । काम गरेरै युरोपेली देशहरुले समृद्धि प्राप्त गरे तर हामी नेपाली भने बिदैबिदा मनाएर गरिबीको रेखाभन्दा माथि उठ्न सकेका छैनौं ।

वर्षमा ५२ दिन शनिबार बिदा हुन्छ । यो बिदाबाहेक ५० दिन चाडपर्वका बिदाहरु हुने गरेका छन् । वर्षमा १०२ दिन बिदा हुने गरेको छ । हरेक जातजातिका पर्वहरुमा देशैभर बिदा दिने गरेको छ सरकारले । ल्होसार पर्व मात्र तीनवटा पर्छन् । मुस्लिमहरु र क्रिश्चियनहरुका लागि पनि क्रमशः इद, क्रिसमस डेमा **बाँकी ८ पेजमा**

# भारतीय हैकमवाद नेपालमा के चाहन्छ ?

काठमाडौं । नेपाल इतिहासमा कहिल्यै कसैको पराधीन रहेन । भारतले जस्तो नेपालले स्वतन्त्रता दिवस मनाउन परेको छैन । तर पनि नेपाल वास्तविक रुपमा स्वतन्त्र, स्वाधीन र सार्वभौम राष्ट्रको रुपमा विश्व राजनीतिक मञ्चमा चिनिन अझै सकेको छैन । भारतले नेपालमाथि विहारको विस्तारित भूभागको जस्तो व्यवहार गर्दै आएको छ भने धेरै भारतीयहरु नेपाल स्वतन्त्र देश हो भन्नेमा जानकार नै छैनन् । सन् १८१६ को सुगौली सन्धिअघि भूपरिवेष्ठित अवस्थाको नेपाल सन्धिपछि भारतवेष्ठित बन्न पुग्यो । यस सन्धिले नेपालको नक्सा नै परिवर्तन गरिदियो । पूर्व टिस्टा र पश्चिम काँगडासम्मको नेपालको सीमा मेची र महाकालीमा सीमित भयो ।

सन् १९५० को सन्धि र सन् १९६५ जनवरी ३० मा भएको गोप्य पत्राचारले नेपालको आन्तरिक, सामरिक सुरक्षाको स्थिति, नेपाली सेना र त्यसको प्रतिरक्षात्मक अवस्था, नेपालको सैनिक रणनीति तथा नेपाली सेनाले प्रयोग गर्ने हातहतियार गोलीगठ्ठाको खरिद बिक्री, सैनिक प्रविधिको प्रयोग र सैनिक तालिमका सवालहरुमा भारतमाथि भर पर्नुपर्ने बाध्यकारी व्यवस्था गरेको छ । यी सवालहरु देशको गोपनीयता र सार्वभौमिकतासँगै सिधै जोडिएका छन् । सन् १९६५ को सन्धिको धारा २ अन्तर्गतका -क), (ख), (ग), (घ), (ङ) (च) (छ) र (ज) उपधाराले नेपाललाई सामरिक



दृष्टिकोणले पराधीन बनाइदिएका छन् । सन् १९५० को सन्धिसँग भएको पत्राचारमा उल्लेख भएको छ- 'नेपालको सुरक्षाका लागि आवश्यक हातहतियार, गोलाबारुद्ध वा युद्ध सामग्री तथा आवश्यक वस्तुहरु नेपाल सरकारले भारतको सहयोग र स्वीकृतिमा भारतीय भूमिबाट आयात गरिनेछ । यसरी भारतले नेपाललाई सामरिक नियन्त्रणमा राखेको छ ।

नेपाललाई स्वतन्त्र र सार्वभौम सम्पन्न राष्ट्रको रुपमा नभई भारतको प्रशासनिक इकाइको रुपमा हेर्ने भारतीय शासक वर्गहरुको दृष्टिकोण नेपाली राष्ट्रियताको निम्ति ज्यादै खतरनाक छ । मुलुकको सुरक्षा स्थिरता र मर्यादामाथि धावा बोल्ने अभियान सुरु भएको छ । अढाई सय वर्षदेखि एउटै भूगोलमा परस्पर विश्वास र हार्दिकताका साथ बसिरहेका नेपाली नागरिकहरुलाई अलग्याउने र मुलुक विखण्डनको लागि आधार तय गर्ने हर्कत संविधान संशोधनका नाममा सतहमा देखिँदैछ । संघीयताको भड्खारोमा नेपाल जाकिएको छ र देशको स्वतन्त्रता प्रभु सत्ता र अखण्डताको रक्षाका विषय पेचिलो बन्दै गइरहेको छ ।

मुलुकको अखण्डता विरुद्धका गतिविधिहरुका प्रमाण र पात्रहरुलाई वाम गठबन्धन सरकारले 'रेड कार्पेट' बिछ्याएर स्वागत गर्दै सरकारमा सहभागी गराउँदैछ । संविधान लेखन र शान्ति प्रक्रियाका क्रममा भएका समझदारी र सहमति तत्कालीन प्रयोजनका लागि मात्र गरिनु त्यसको दीर्घकालीन नसोचिनुले अहिले परिस्थिति भयावह बन्न थालेको छ । २७ मुलुकको साझा राजनीति र आर्थिक युनियन र १९ मुलुकहरुको एउटै मुद्रा रहेको युरोप संयुक्त राज्य युरोप बन्ने तरखर गरिरहँदा नेपालको अखण्डतामा भने धाँजा पर्ने हो कि भन्ने भयले घर गर्न थालेको छ । संविधान संशोधन गरी तराई भूभागबाट पहाडी जिल्लाहरुलाई अलग गर्दै एक मधेस राज्यको अवधारणालाई सार्थक तुल्याउने खेलहरु सुरु हुँदैछन् । खुला सिमानाका कारण

नेपालको सामाजिक संरचना **बाँकी ८ पेजमा**

## ५० बिघा निल्यो भारतले

काठमाडौं । पर्साको छपकैया भकुवाको ५० बिघा नेपाली भूभाग भारतले हडपेको छ । नापीका कर्मचारीहरुलाई आर्थिक प्रलोभनमा पारेर भारतीय पक्षले सीमा सारेको स्थानीयबासीहरु बताउँछन् । भारतले नेपाली भूभाग अतिक्रमण गर्ने कार्यलाई अझै तीव्र बनाइरहेको छ ।

भकुवाको ५० बिघा जमिन भारतले आफ्नो नक्सामा पारेको झन्डै सात साता बितिसकेको छ । त्यसबेला एमाले निकट अनेर स्ववियुले पर्सा गएरै विरोध र्‍याली गरेको थियो । अहिले सो संगठन चुपचाप छ । त्यसबेला नापीका महानिर्देशक गणेश भट्टले सात दिनमै भारतीय पक्षसँग वार्ता गरेर जमिन फर्काइने बताएका थिए । तर अहिले भट्ट पनि मौन छन् । सीमा स्तम्भ ९३१,३२ र ३३ साविक स्थानबाट **बाँकी ८ पेजमा**

## भारतीय किसानहरु सरकारविरुद्ध सडकमा



काठमाडौं । विश्वभरका आधुनिक हतियार र सैन्य शक्तिको विश्लेषण गर्ने 'ग्लोबल फायर पावर' ले गरेको हालैको वर्गीकरणमा भारत, अमेरिका, रुस, चीनपछि चौथो ठूलो सैन्य शक्तिमा परेको छ । तर त्यही भारतभित्र गरिबीको संख्या कहालिलाग्दो छ । भारतका कामदार कामको खोजीमा नेपाल आउने गर्छन् र ठूलो मात्रामा नेपालबाट रेमिट्यान्स भारत भित्रिन्छ । भारत सैन्य र हातहतियारमा जति शक्तिशाली भए पनि भारतीय किसानहरु भने ऋण तिर्न नसकेर आत्महत्या गर्न विवश छन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले मुख्यमन्त्री हुँदा गुजरातमा विकास गरे भनेर प्रचार गरे पनि गुजरातलाई उनले बहुराष्ट्रिय कम्पनीका लागि खुला चरण बनाएका थिए । गुजरातमै पटेल जातिले आरक्षणका लागि लामो आन्दोलन गर्नु परेको स्मरणीय छ । पछिल्लो पटक महाराष्ट्रका किसानहरु सरकारको विरोधमा सडकमा उत्रिएका छन् ।

भारतका ३० औं हजार मजदुरले महाराष्ट्र राज्यको राजधानी मुम्बईमा किसानबाट उत्पादित वस्तुको उचित मूल्य, कृषि ऋण मिनाहा तथा सुक्खाग्रस्त क्षेत्रका किसानहरूलाई मुआब्जा दिन माग गर्दै प्रदर्शन गरेका छन् । मुम्बईमा प्रदर्शन गर्नका लागि किसानहरू १६७ किलोमिटर टाढा रहेको नासिक जिल्लाबाट पैदल हिँडेर मुम्बई आएका थिए ।

प्रदर्शनमा महिला, बालबालिका र तथा युवासमेत सहभागी रहेका छन् । उनीहरूले गत वर्ष **बाँकी ८ पेजमा**

## इजरायलले पाँच सय कामदार लाने

काठमाडौं । महिलाहरुका लागि रोजगारीको राम्रो गन्तव्य मानिएको इजरायलले अबको एक वर्षभित्र पाँच सय महिलालाई रोजगारीको अवसर दिने भएको छ । दुई वर्षअघि बर्सेनि एक सय युवायुवतीलाई केयर गिभरको रुपमा इजरायल लैजाने दुई देशबीच सहमति भएको थियो । तर विभिन्न कारणले इजरायलमा ८३ जना मात्र जान सकेका छन । इजरायली राजदूत बेन्नी ओमर, इजरायलमा आवश्यक पर्ने जनशक्ति खोज्ने जिम्मा पाएको पिबा र रोजगार विभागका अधिकारीबीचको छलफलमा इजरायलले पाँच सय कामदार लाने जानकारी गराएको हो ।

अहिलेको प्रावधानअनुसार इजरायलमा केयरगिभरको काममा जान २५ वर्ष उमेर र तीन महिनाको तालिम अनिवार्य गरिएको **बाँकी ८ पेजमा**

## नेकपा माले राष्ट्रिय परिषद् बैठकमा

दाङ तुल्सीपुर । नेकपा मालेको राष्ट्रिय परिषद्को बैठक बिहीबारबाट दाङको तुल्सीपुरमा सुरु भएको छ । तीन दिनसम्म चल्ने बैठकमा विभिन्न विषयमा गम्भीर छलफल हुनेछ । पार्टीका प्रवक्ता कुमार वेल्वासेका अनुसार तुल्सीपुरमा महासचिव सीपी मैनालीले भव्य समारोहबीच बैठकको उद्घाटन गरेपछि उद्घाटन शत्रका कार्यक्रमहरु तुल्सीपुरमा नै सम्पन्न हुनेछन् र बन्दशत्र घोराहीमा हुने कार्यक्रम रहेको छ ।

राष्ट्रिय परिषद्ले गत महाधिवेशनदेखि हालसम्मका केन्द्रीय कमिटीका गतिविधिको मूल्यांकन तथा समीक्षा गर्नेछ । त्यसैगरी पार्टीको जिम्मेवारी र पदीय दायित्वबारे पनि समीक्षा हुनेछ । पार्टीको लेखा परीक्षण प्रतिवेदन पारित गर्नुका साथै भावी कार्ययोजनाका बारेमा छलफल हुनेछ । परिषद् बैठकले पार्टी संगठन सुदृढीकरण र विधान संशोधनबारे समेत सुझाव प्रस्तुत गर्नेछ ।


परिषद् बैठकमा केन्द्रीय कमिटी, केन्द्रीय सल्लाहकार, प्रदेश कमिटी सचिव र सदस्यहरु, अनुशासन आयोगका सदस्यहरु, लेखा समितिका सदस्यहरु र केन्द्रीय कमिटीद्वारा मनोनित १५ प्रतिशत सदस्यहरुसहित २०० जना जतिको सहभागिता रहने जानकारी प्रवक्ता बेल्वासेले दिनुभएको छ ।

यसैबीच नेकपा मालेले एक विज्ञप्ति जारी गरी **बाँकी ८ पेजमा**

## बल्ल गयो काउसो

काठमाडौं । कहीँ नभएको जात्रा हाँडी गाउँमा भनेझैँ सर्वोच्च अदालतभित्रको विवादले जगत हँसाएको छ । प्रधानन्यायाधीश गोपाल पराजुलीको किर्ते शैक्षिक प्रमाणपत्र र दोहोरो नागरिकताको राज प्रेसले उजागर गरेपछि आत्तिएका पराजुलीले त्यसलाई अदालतको मानहानि ठान्नु आफैंमा लज्जास्पद विषय हो । प्रधानन्यायाधीश पराजुली सर्वत्र बदनाम भइसक्दा समेत अझै सर्वोच्चमा विराजमान हुनु कत्ति पनि नसुहाउने कुरा हो । जनतालाई न्याय दिने न्यायमूर्ति नै विवादमा तानिएपछि न्यायालयको गरिमा र मर्यादासमेत गिर्न पुगेको कानुनविदहअरु बताउँछन् ।

सर्वोच्चका न्यायाधीश चोलेन्द्रशमशेर जबराले कान्तिपुर पब्लिकेसन्स र डा. गोविन्द केसीविरुद्ध अवहेलनासम्बन्धी मुद्दा प्रधानन्यायाधीशसहित ७ जना



न्यायाधीश संलग्न बृहत इजलास नबसी बाहिरबाट आदेश लेखेर बेन्चमा सहभागी नहुने बताएपछि सुनुवाई समेत अवरुद्ध भएको छ । राणाले प्रधानन्यायाधीश पराजुलीको अवकाश हुने समय साउन २१ गते रहेकाले बेन्चमा बसेर पेसीमा तोकिएको मुद्दा हेर्न नसक्ने कारण निजी आदेशमा दर्शाएका थिए । तर पराजुलीले राणाले न्यायाधीश आचारसंहिताविरुद्ध कार्य गरेको भन्दै **बाँकी ८ पेजमा**

## सि जिन पिङ पथमा चीनको यात्रा

■ **सुस्मिता राणा**

देङ सियाओपिङ कालखण्डको समाजवादको मूल मर्मलाई जोगाएर चीनमा नयाँ परिवर्तन ल्याउने आँट गरेका चिनियाँ राष्ट्रपति सि जिन पिङ राष्ट्रपति पदमा बहाल रहने समयसीमासम्बन्धी व्यवस्था हटाएसँगै थप शक्तिशाली बन्ने भएका छन् । दुई कार्यकाल मात्रै राष्ट्रपति पदमा बस्न पाउने देशको संवैधानिक व्यवस्थाको अन्त्य गर्ने संविधान संशोधनलाई चिनियाँ संसद नेसनल कांग्रेसले पारित गरेपछि अब वर्तमान राष्ट्रपति सि जिन पिङ सम्भवतः अनिश्चित कालसम्म सत्तामा रहिरहन सक्नेछन् । वर्तमान राष्ट्रपति सि जिन पिङको सन् २०२३ मा कार्यकाल समाप्त हुँदैछ । नेसनल कांग्रेसको वार्षिक बैठक देशभरबाट उपस्थित २ हजार ९ सय ६४ प्रतिनिधिमध्ये दुई जनाले मात्रै संविधान संशोधनको विपक्षमा मत हालेका थिए भने तीनजना अनुपस्थित रहेका थिए । चिनियाँ नेसनल कांग्रेसको निर्णयसँगै अब राष्ट्रपति सिमाथि कसैले कुनै पनि विषयमा चुनौती दिन नसक्ने भएको छ । उनले चिनियाँ कम्युनिस्ट पार्टीका संस्थापक अध्यक्ष माओत्सेतुङपछि कसैले प्राप्त नगरेको असीमित अधिकार प्राप्त गरेका छन् । ९० को दशकदेखि चीनमा एकै व्यक्ति दुई कार्यकाल राष्ट्रपति बन्न पाउने व्यवस्था लागू भएको थियो । देङ सियाओपिङले सन् १९८२ मा ल्याएको राष्ट्रपतिको कार्यकालको सीमा तोक्ने व्यवस्था हटाइएपछि राष्ट्रपति सि जिन



पिङ सन् २०२३ पछि पनि चीनको नेतृत्वमा रहने निश्चित भएको हो ।


गत अक्टोबर महिनामा आयोजना भएको चिनियाँ कम्युनिस्ट पार्टीको महाधिवेशनमा सिले उत्तराधिकारी तोक्ने परम्परा तोड्दै आफूमा थप शक्ति केन्द्रित गरेका थिए । महाधिवेशनमा उनले आफ्नो नाम र राजनीतिक विचारलाई पार्टीको विधानमा उल्लेख गर्न सफल भएका थिए । उक्त कदमले उनलाई चिनियाँ कम्युनिस्ट पार्टीका संस्थापक अध्यक्ष माओत्सेतुङको हैसियतमा राखेको थियो । गएको फेब्रुअरीको अन्त्यमा चिनियाँ कम्युनिस्ट पार्टीले राष्ट्रपतिको कार्यकालको सीमा हटाउन सिफारिस गरेको थियो । अरु देशको संसदजस्तै चिनियाँ नेसनल कांग्रेस चीनको कानुन बनाउने सबैभन्दा शक्तिशाली निकाय हो । तर कांग्रेसले पार्टी नेतृत्वले जे पारित गर्न भनिएको हुन्छ त्यो मात्रै पारित गर्ने विश्वास गरिन्छ । नेसनल पिपुल्स कांग्रेसले अहिलेसम्म पार्टीको निर्णय विपरीत मत खसालेको छैन । पाँच वर्ष अघि मात्र बेइजिङ सामूहिक निर्णयमा चल्ने गर्थ्यो । पूर्वराष्ट्रपति हु जिन्ताओको शासनकालमा नौसदस्यीय चिनियाँ कम्युनिस्ट पार्टीको पोलिटब्युरो स्थायी कमिटीमा भएका फरक मत सार्वजनिक हुने गरेका थिए । त्यसबेला हुले पार्टीका विभिन्न गुटलाई मिलाउनुपर्ने बाध्यता रहेको विवरण सार्वजनिक हुने गरेका थिए । प्रत्येक दश वर्षमा प्रक्रियामार्फत **बाँकी ८ पेजमा**

# मैले देखेको सैंत्तीसौं विश्व सम्पदा :
# फ्रान्सको फोन्टेन ब्लोको दरबार र बगैंचा

सुरेन्द्र ढकाल


दरबारअगाडिको नहर


दरबारभित्रका चाइनिज म्युजियम


दरबारभित्र रहेको नेपोलियनको गद्दी


फोन्टेनब्लोको बगैंचासहितको दरबार


दरबारभित्रका ग्यालरी


माथिबाट हेर्दा देखिने दरबार र बगैंचा


दरबारको बगैंचामा रहेको डायनाको मूर्ति


दरबारभित्र रहेको नरपशुको मूर्ति


फोन्टेनब्लोको बगैंचामा सुरेन्द्र ढकाल सन् १९८९ मा

फ्रान्सको सेनलिस सहरमा भएको विश्व सम्पदा सूचीमा परेको क्याथेड्रल अवलोकन गरेपछि हाम्रो यात्रा पुनः अगाडि बढ्यो । यस क्रममा हामी रातिको १० बजेतिर पेरिस पुग्यौं । पेरिस यो दोस्रो पटक भएको हुँदा मैले त्यहाँ हेर्नुपर्ने केही कुरा थिएन । आइफिल टावरको वरिपरि घुमेर हामी पुनः हाम्रो कारमा फर्क्यौं र क्याम्पिङ साइट खोज्न थाल्यौं । पेरिस सहरबाट १५ किलोमिटर उत्तर लागेपछि भेटिएको राजमार्गसँगैको क्याम्पिङ साइट पुगेर कार रोक्यौं र नजिकैको राजमार्गको रेष्टुराँमा खाना खाइ कारमा आएर सुत्यौं । भोलिपल्ट बिहानको खाना पनि सोही रेष्टुराँमा खाई हाकियौं हामी उत्तरतर्फ । ३० किलोमिटर अघि बढिसकेपछि हामी फोन्टेन ब्लो आइपुग्यौं । त्यहाँको प्रसिद्ध दरबार र बगैंचा हेरेर पूरै मध्यान्ह त्यहाँ बिताउने निर्णय गर्‍यौं ।

**फोन्टेन ब्लोको दरबार र बगैंचा**

पेरिस सहरबाट ५५ किलोमिटर उत्तरमा रहेको त्यो दरबारको निर्माण किल्लाको रुपमा सन् ११३७ तिर नै भएको रहेछ । यस दरबारमा फ्रेन्च सम्राट लुई सातौंदेखि नेपोलियन तृतीयसम्म बसेका रहेछन् । सम्राटहरु नजिकैको जंगलमा सिकार खेल्ने अनि त्यहाँ भएका झरनाहरुमा नुहाउने उद्देश्यका लागि यस दरबारमा आएर बस्ने गर्दा रहेछन् । १५ औं शताब्दीमा वभेरियाका राजा चार्ल्स छैटौंकी रानी इसावेउले यस किल्लासहितको दरबारका संरचनालाई केही परिवर्तन गरी सिंगार्ने कार्य गरेकी रहिछन् ।

यस क्रममा दरबारको दक्षिणतर्फको प्रवेशद्वार पोर्ते दोरी र उत्तरतर्फबाट सिधै राजाको शयनकक्षमा पुग्ने खुड्किलाको निर्माण भएको रहेछ । पछि १५२८ मा जोभान्नी वातिस्तालाई लगाइ दरबारभित्र ग्यालेरीको निर्माण पनि गरिएको रहेछ । उनले दरबारको भित्तामा राजाको गौरव बढ्ने खालका भित्ते पेन्टिङ गरेका रहेछन् । पछि गएर पुनर्जागरणकालमा यो ग्यालेरी नै फोन्टेन ब्लो कला विद्यालयमा परिणत भएको रहेछ ।

सन् १५४० मा दरबारको चारै दिशामा नयालंगहरु विस्तार गरिएका रहेछन भने इटालियन पुनर्जागरणकालमा बनेको बगैंचाकै झझल्को दिने गरी सुन्दर बगैंचाको निर्माण पनि गरिएको रहेछ । पछि राजा हेनरी दोस्रोको पालामा दरबारभित्र घोडाको टापको आकारको भर्‍याङ, समूहमा नाच्ने हलको निर्माण भएको र ग्रीक रोमन प्राचीन कथामा वर्णन भएका नदीकी देवी ( *Nymphe*) लाई दरबारको प्रवेशद्वारमा नै सजाउने कार्य भएको रहेछ ।

राजा हेनरी चौथौले पनि आफ्नो राज्यकालमा यस दरबारमा थप संरचना निर्माण गर्न लगाएका रहेछन जस्मा नयाँ चोकहरु, ग्यालेरीहरु र संसारकै सबैभन्दा ठूलो इन्डोर टेनिस कोर्ट पर्दछन् । उनकै पालामा दरबारको बगैंचालाई झन् सुन्दर र त्यहाँभित्र १२०० मिटर लामो नहर बनाइएको रहेछ । त्यस क्रममा बगैंचामा रानी डायनाको फोहोरा सहितको मूर्ति स्थापना गर्ने कार्य पनि भएको रहेछ । यही दरबार लुई तेह्रौंको जन्म र उनलाई इसाइकरण गरिने (Baptize) कार्य गरिएको रहेछ ।

राजा लुई चौधौंको मृत्युपछि आयोजना भएको समारोहमा भाग लिन रसियाका जार पेटर महान सन् १७१७ को मे महिना १९ र २० तारिखका दिन पाहुनाको रुपमा यस दरबारमा बसेका रहेछन् । हरेक नयाँ राजा बन्दा उसले यस दरबारभित्र नयाँ चोक थप्ने र दरबारलाई पेन्टिङहरुले सिंगार्ने कार्यले गर्दा यो दरबार झन् झन् विशाल र सुन्दर हुँदै गएको रहेछ । फ्रेन्च राज्यक्रान्तिको ताका भएको आन्दोलनले यस दरबारलाई कुनै क्षति नपुर्‍याए पनि त्यहाँभित्र भएका फर्निचरहरुको भने लिलाममा बिक्री गरिएको रहेछ । पछि नेपोलियन आफू सम्राट बनेपछि यसै दरबारभित्र एउटा सैनिक विद्यालय पनि संचालन गराउन लगाएका रहेछन् । सन् १८०४ मा रोमबाट पोप आएर यसै दरबारमा नपोलियनलाई श्रीपेच लगाइदिएका रहेछन् ।

यस क्रममा दरबारलाई वृहत रुपमा सिंगार्ने अनि सजाउने कार्य भएको रहेछ अनि राजगद्धीलाई पनि यही ल्याएर राखिएको रहेछ । नेपोलियनले आफ्नो शासनको अन्तिम दिन यहीँ बिताएका रहेछन । कैदीको रुपमा सेन्ट हेलना जानुअघि आफ्ना सैनिकलाई यहीँबाट नेपोलियनले अन्तिम सम्बोधन गरेका रहेछन् । सन् १८७० को फ्रान्स प्रसिया युद्धमा जितेपछि जर्मनहरुले केही समयको लागि यस दरबारलाई सैनिक मुख्यालय पनि बनाएका रहेछन् । पछि तेस्रो गणतन्त्रको स्थापनापछि भने यस दरबारमा विदेशी राजा, राष्ट्राध्यक्ष स्वागत गर्ने परम्परा बसालिएको रहेछ । त्यस क्रममा सर्वियाका राजा अलेक्जेण्डर प्रथम, ग्रिसका राजा जर्ज प्रथम, बेल्जियमका राजा लियोपोल्डो द्वितीय र स्पेनका राजा आल्फोन्सो तेह्रौंलाई त्यस दरबारमा स्वागत गरिएको रहेछ ।

दोस्रो विश्वयुद्धको सुरुमा जर्मनहरुले यस दरबारलाई सन् १९४० को जुनदेखि नोभेम्बरसम्म आफ्नो अधिनमा लिए तापनि पछि एलाइड फोर्सले जर्मनहरुलाई त्यहाँबाट लखेटेर यस दरबारलाई सन् १९६६ सम्म नाटोको सैनिक मुख्यालयको रुपमा विकास गरेका रहेछन् । सन् १९६४ देखि चार वर्ष लगाएर राष्ट्रपति चार्ल्स देगालको पालामा यस दरबारको जिर्णोद्धार गरी यहाँ संस्कृति मन्त्रालय राखिएको रहेछ ।

मार्च २०१५ मा यस दरबारभित्र रहेको चाइनिज म्युजियमभित्र चोर पसी बहुमूल्य वस्तु चोर्न सफल भएका रहेछन् जस्मा बर्माको राजाको श्रीपेच, बहुमूल्य तिब्बती मण्डालाहरु लगायतका मानिस र पशुको अंग जोडेर बनाइएका पेन्टिङहरु रहेछन् ।

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
happy to help
sales - service - support
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

फागुनदेखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने गरौं । सलाई, लाइटर, मट्टितेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं ।
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# वातावरणीय प्रदूषणका दुष्प्रभावहरु

■ गणेश पराजुली

आधुनिकता मानव जीवनको अभिन्न अंग हो । आधुनिकताका खातिर निर्मित प्रविधि यवं उपकरणहरू मानव समुदायका निमित्त जति हितकारी छन् त्यति नै अभिशापयुक्त पनि सावित हुदै गएका छन् । भौतिक सामाग्रीको वढ्दो प्रयोगले समाज एवं मानव जीवनलाई कृतिमता तर्फ धकेलेको छ । मुलरूपमा हिजोआज रहरको आवश्यकता वढ्दै गएको छ । सुखः दुख जे जस्तो जसरी भएपनि शहरी क्षेत्रमा मानिस ओईरिने र जसो तसो बस्ने प्रवृति नै सहरीकरणको कारक हो ।

शहरीकरण आफैमा नराम्रो कुरा पक्कै पनि होईन तर, कंक्रिट जंगलको रूपमा अव्यवस्थित रुपमा विस्तारित शहरीकरणले सामधान भन्दा पनि समस्या निम्त्याएका हुन् । शहरीकरणको उपज जनसंख्याको अधिक चाप, वढ्दो फोहरमैला, सडक क्षमता भन्दा वढी सवारी साधन, तिव्र औधोगिकिकरण जस्ता कारणले जल, वायु, ध्वानी र भू प्रदुषण मात्र वढाएका छैनन् त्यसले आम नागरिकको स्वच्छतापूर्वक वाँच्न पाउने नैर्सगिक अधिकारमा समेत अवरोध पुऱ्याएका छन् । त्यसैले अव्यवस्थित शहरिकरणलाई वातावरण प्रदुषणको प्रमुख कारणको रूपमा लिने गरिएको छ ।

नेपालमा हाल ४७ लाख ६७ हजार आवासीय सरचनाहरु रहेका छन् । जसमा ५४ लाख २७ हजार परिवार वसोवास गर्ने गरेको तथ्यांक छ । २०७१ वैशाख भन्दा अघि तत्कालीन ५८ वटा नगरपालिकामा वस्ने जनसंख्यालाई मात्र सहरी जनसंख्याको रुपमा लिइएअनुसार सहरी जनसंख्या करिव १७ प्रतिशत रहेको थियो । काठमाण्डौं उपत्यका वाहेकको ठूलो शहरी क्षेत्र र नगरपालिका भई नसकेका अन्य शहरी क्षेत्रहरुमा रहेको जनसंख्यासमेत जोड्ने हो भने नेपालमा हाल शहरी जनसंख्या करिव २५ प्रतिशतको हाराहारीमा रहेको आर्थिक सर्भेक्षण २०७२।७३ ले जनाएको भएता पनि नेपाल सरकारले २०७१ वैशाखमा ७२ वटा, मंसीरमा ६१ वटा र असोजमा २६ वटा नगरपालिकाहरु थप गरेकाले हाल नगरपालिकाहरुको संख्या २ सय १७ पुगेको छ । यी सवै नगरपालिकाहरुमा रहेको जनसंख्यालाई शहरी जनसंख्याको रुपमा लिने हो भने नेपालको हाल कुल सहरी जनसंख्या करिव ४२ प्रतिशतको हाराहारीमा पुग्न गएको छ ।

कूल शहरी जनसंख्याको ५५ प्रतिशत काठमाण्डौ उपत्यकामा र वाँकी ४५ प्रतिशत अन्य सहरमा रहेको तथ्यांक छ । यो दर प्रत्येक वर्ष वढ्दो अवस्थामा रहेको छ । मूलत अवसरको खोजी लगायतका कारणले शहरी क्षेत्रको जनसंख्या तीब्र वृद्धि हुँदै गएको अध्यायनहरुले देखाएका छन् । यसको परिणामस्वरुप शहरमा उपलब्ध सीमित सामाजिक र भौतिक पूर्वाधार सेवाहरुमा अतिरिक्त चाप पर्न गएको छ । काठमाडौ लगायत अन्य ठूला शहरहरु तथा नगरोन्मुख क्षेत्रहरुमा बढ्दै गएको जनसंख्याको चापलाई शहरी क्षेत्रको धारण क्षमता भित्र कायम राखी प्राकृतिक तथा साँस्कृतिक वातावरणमा सन्तुलन कायम गर्न सके त्यसले फोहरमैला उत्पति तथा व्यवस्थापनमा समेत अनुकुल प्रभाव पर्न जानेछ ।

हाम्रो सर्न्दभमा तिव्र गतिमा वढ्दै गएको शहरि करणले प्राकृतिक स्रोत यवं सम्पदामाथि अधिक शोषण उत्पिडन मात्र गरेको छैन यसले फोहरमैला वढाई जनस्वास्थ्यका साथै वातावरण व्यवस्थापनमा समेत चुनौती खडा गरेको छ । त्यसैले यो एउटा प्रमुख वातावरणीय समस्याको रुपमा दरिन पुगेको छ । वढ्दो औधोगीकरण तथा सहरीकारणका कारण भएको वातावरण प्रदुषण तथा जलवायु परिवर्तनका असर हरुलाई न्यून गर्न एकातिर हरित ग्याँसको उत्सर्जनमा व्यापक कटौती गर्नु आवश्यक छ भने अर्कातिर यस्ता असरहरुलाई कमगर्न अनुकूलनका विभिन्न रणनीति अवलम्वन गर्नु पर्दछ । जलवायु परिवर्तन सम्वन्धी महासन्धीको पक्ष राष्ट्को हैसियतले नेपालले त्यसतर्फ केही नवीनतम पहल सुरु गरेको भएता पनि त्यो पर्याप्त छैन ।

प्रदुषित वातावरणका कारण प्रत्येक वर्ष हाम्रो देशमा कति नागरिकले अकालमा ज्यान गुमाउने गरेका छन् त्यसको आधिकारिक तथ्यांक कसै सँग छैन। मूलुकको जल, वायु, ध्वनि,भू प्रदुषणको अवस्था हेर्दा लाग्छ प्रत्येक वर्ष यसवाट प्रताडित हुनेको संख्या ठूलो छ । अरवौ रुपैया औषधि उपचारमा खर्च भईरहेको छ । वायु, ध्वानि लगायतका केही प्रदुषणका सन्दर्भमा मापदण्ड तोकिएता पनि अन्य शहरको त कुरै छोडौ काठमाण्डौ उपत्यकामा नै त्यसको अवस्था के छ त्यसको आवधिक विवरण सरोकारवाला वातावरण मन्त्रालयसँग छैन । विदेशी दाताहरुले उपलब्ध गराएका प्रदुषणमापक यन्त्रहरु शहरका विभिन्न भागमा वेवारिसे अवस्थामा रहेका छन् ।

विकशित मुलुकहरुमा शहरको वातावरणीय अवस्था, वायु, ध्वनी प्रदुषणको आवद्यिक स्थितिका वारेमा सुसूचित हुन पाउनुलाई नागरिकले आफ्ना अधिकार (सूचनाको हक) का रुपमा लिने गर्दछन् । तर, हाम्रो देशमा यसवारे सरोकारवाला नियामक निकाय मन्त्रालयनै मौन रहेकाले तत्काल त्यस्तो अवस्थाको अपेक्षा त गर्न सकिदैन तर, संविधान प्रदत्त हकको प्रचलनका लागि कानूनी उपचार खोज्न सक्ने अवस्था भने विद्यमान रहेको छ । प्रदुषण गर्नेले त्यसको मुल्य तिर्नुपर्ने विश्वव्यापी मान्यता क्रमशः हाम्रो देशमा पनि स्थापित हुदै गएको छ । हाम्रा ऐन कानुनहरुले पनि त्यसको पक्षमा वकालत गरेका छन् । नेपाल अधिराज्यको संविधान २०७२ ले स्वच्छ वातावरणमा वाँच्न पाउने नागरिकको अधिकारलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । नागरिकको यस्तो हकमा कसैले हनन पुऱ्याए त्यसको कानुनी उपचार यवं क्षतिपुर्तिको व्यवस्था छ । शारीरिक तथा मानसिक रक्षाको सुनिश्चिता जीवनको अधिकार संरक्षणको सार हो । जीवनबिना कुनै पनि अधिकारको उपभोग गर्न सम्भव छैन । अतः प्रत्येक व्यक्तिलाई आफ्नो पहिचान र आत्मसम्मानका साथ स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई सुनिश्चित गर्नु आवश्यक छ ।

सहरीकरणको प्रमुख दुष्प्रभाव फोहोरमैला हो । “फोहरमैला” भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, फालिएका वा सडेगलेका का, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवाँ , धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामाग्रीहरु लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका मा पोष्टर, पम्पलेट र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउनेछ भनी फोहमैला व्यवस्थापन ऐन,२०६८ ले परिभाषित गरेको छ ।

हाम्रा शहरहरूवाट उत्पति हुने फोहरहरू अन्य विकशित मुलुकहरूको तुलनामा कम जटिल प्रकृतिको मानिन्छ । यहाँ जम्मा हुने फोहोरहरूमा तरकारी केलाउँदा निस्किने फोहोर, प्लाष्टिकका झोला, कार्टुन, कागज, माटाका फुटेका भाँडाहरू, कपडा, टुक्राटुक्री सिसाहरू, करेसाबारीका झारपात र पुराना जुत्ता चप्पलहरू र अधिक मात्रामा मानिसले उपयोगमा ल्याउने सामानहरू रहेका छन् । यी फोहरमैलाहरूलाई जलनशील, अजलनशील,पुनः प्रशोधनयुक्त, प्लाष्टिकका ठूला भाडा र सामान, खतराजन्य, स्रोतयोग्य फोहर, ओजनदार फोहर,मेसिनरी सामान र खाद्यपदार्थ गरी विभिन्न भागमा विभक्त गर्न सकिन्छ ।

एक अध्ययन अनुसार काठमाण्डौको फोहरमा जैविक ६७.५ प्रतिशत, कागज ८.८ प्रतिशत, प्लाष्टिक ११.४ प्रतिशत, धूलो र निर्माण सामाग्री ५.३ प्रतिशत, टेक्सटायल तथा गार्मेन्ट ३.६ प्रतिशत र अन्य ३.४ प्रतिशत रहेको पाईन्छ । त्यसैले काठमाण्डौ उपत्यकाको फोहरको प्रकृतिलाई हेर्दा ७०% organic फोहर भएकाले फोहोरहरूलाई श्रोतमानै वर्गिकरण गरी राम्रो ध्यान दिएर कम्पोष्ट मल बनाउने प्रविधिलाई बढि प्रभावकारी र व्यावहारिक बनाउने हो भने ३०% फोहरलाई मात्र व्यवस्था गर्नुपर्ने देखिन्छ । त्यसैले घरघरमा नै फोहरमैलालाई अलग (segregation) गर्ने कुरालाई बढी जोड दिनेतर्फ ध्यान जानु आवश्यक छ । यससँग सरोकार निकाय र पक्षहरूले segregation को पक्षमा ध्यान दिएमा फोहरमैला व्यवस्थापनमा प्रभावकारिता आउने देखिन्छ । फोहोरहरूलाई उत्पति स्थलमानै वर्गिकरण गरी पुन प्रयोग र पुनचक्रिय प्रयोग गर्ने मात्र हो भने पनि फोहरमैला व्यवस्थापनको कार्य धेरै सहज हुन जान्छ ।



सेवा, सुविधा र अवसरहरुको खोजी तथा शहरी क्षेत्रमा उपलब्ध शिक्षा र रोजगारीको अवसरको कारण ग्रामिण क्षेत्रवाट शहरी क्षेत्रमा मानिस ओईरिने प्रवृति नै शहरीकरण हो । नेपालमा शहरीकरणको वार्षिक वृद्धिदर १७ प्रतिशतको हाराहारीमा रहेको पाईएको छ । एक अध्ययन अनुसार प्रत्येक वर्ष काठमाण्डौंमा मात्र ६ हजारको संख्यामा नयां घरहरू थपिने गरेका छन् । थपिएका यी घरहरूले काठमाण्डौं उपत्यका भित्रका अत्यन्त उर्वर भूमि नष्ट गरेका छन । यही ढंगले उपत्यकामा नयां घरहरू निर्माण हुदै जाने र यहांको उर्वर भूमि यवं हरियाली नष्ट भईरहने तर, सरकार यवं निजी क्षेत्रले यसको संरक्षण यवं संवद्धनमा चासो यवं सरोकार नदेखाउने हो भने यसले गंभिर वातावरणीय दुष्प्रभाव ल्याउने निश्चित देखिन्छ । अव्यवस्थित शहरीकरणका कारण हालसम्म काठमाण्डौं उपत्यकामा मात्र ८० हजार हेक्टरको हाराहारीमा उर्वर जमिन नष्ट भै सकेको तथ्यांक छ । यो क्रम निरन्तर वढ्दो अवस्थामा छ । यसले उपत्यकाका उर्वर भूमि मात्र नष्ट गरेको छैन कंकिट जंगल वढाई सवारी साधन मात्र छिर्न सक्ने सडक वढाएको छ । खुला जमिन र पार्कहरूको अभाव हुन गएको छ ।

निश्चित रुपमा सहरीकरण व्यवस्थापन सम्बन्धी कार्यलाई कुनै एक पक्षको एकल प्रयासले मात्र प्रभावकारी हुन सक्दैन । सरकार, स्थानीय निकायहरु, नागरिकहरू, निजी तथा गैर सरकारी संघ सस्थाहरु, दातृनिकायहरु,उद्यमीहरू र सरोकारवालाहरूको सक्रिय साझेदारीबाट नै यो कार्य सफल हुनसक्छ । व्यवस्थित र दीगो विकासका लागि वसोवासलाई वातावरण मैत्री वनाउनु आजको आवश्यकता हो । फोहरमैला व्यवस्थापनको सन्दर्भमा घटाउने कार्य, पुनःप्रयोग र पुनः प्रशोधनलाई प्रभावकारी रूपले अवलम्वन गर्नु पर्छ । औधोगीकरण तथा सहरीकरणका कारण भएको वातावरण प्रदुषण तथा जलवायु परिवर्तनका असर हरुलाई न्यून गर्न एकातिर हरित ग्याँसको उत्सर्जनमा व्यापक कटौती गर्नु आवश्यक छ भने अर्कातिर यस्ता असरहरुलाई कमगर्न अनुकूलनका विभिन्न तौर तरिकाहरु अवलम्वन गर्नु पर्दछ । जलवायु परिवर्तन सम्वन्धी महासन्धीको पक्ष राष्ट्को हैसियतले नेपालले त्यसतर्फ ठोस एवं प्रभावकारी कदम चाल्न ढिलो भइसकेको छ ।

# आईएमईको शाखा टेकुमा

काठमाडौं । आइएमई जनरल इन्स्योरेन्स लिमिटेडले कम्पनीको ३३औं शाखा काठमाण्डौंको टेकूस्थित अम्बे कम्पलेक्समा खुलेको छ । उक्त शाखाको उद्घाटन बीमा समितिका अध्यक्ष चिरञ्जिवी चापागाईले गरेका छन् । कार्यक्रममा संचालक समितिका अध्यक्ष हेमराज ढकाल, सदस्यहरु, स्थानीय उद्योगी, व्यापारीलगायत विभिन्न बैंक, वित्तीय संस्था तथा बीमा कम्पनीका प्रमुख तथा प्रतिनिधिहरु, सहकारी संस्थाका प्रमुखहरु तथा सर्वसाधारणहरुको उपस्थिति रहेको थियो ।

शाखाको उद्घाटन कार्यक्रममा बीमा समितिका अध्यक्ष चिरञ्जिबी चापागाईले कम्पनीले छोटो समयमा नै आफ्नो साख स्थापित गर्न सफल भएकोमा लगानीकर्ता, संचालक समिति, व्यवस्थापन तथा सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिएका थिए । उनले बीमा क्षेत्रले थप रोजगारी बढाउन ठूलो योगदान दिने हुनाले ग्राहक महानुभावहरुलाई चुस्त र सहज सेवा लगायत लगानीकर्ताको हित तथा कर्मचारीहरुको मनोवृतिमा विशेष ध्यान दिएर कार्य गर्न व्यवस्थापनलाई सुझाब दिए । सोही अवसरमा अध्यक्ष चापागाईले सबैले आआफनो चल, अचल सम्पत्तीको बीमा गरेर ढुक्क भएर व्यापार व्यावसाय विस्तार गर्न पनि सबैलाई अग्रह गरे ।

कम्पनीका संचालक समितिका अध्यक्ष हेमराज ढकालले बीमा क्षेत्रमा आफ्नो पहिचान स्थापित गर्दै देशभरी नै शाखा सञ्जाल विस्तार गरी ग्राहक महानुभावहरुलाई सरल, छिटो तथा विश्वसनीय सेवा प्रदान गर्ने जानकारी गराए । प्रमुख कार्यकारी अधिकृत युगेशभक्त वादे श्रेष्ठले कम्पनीले आ.ब. २०७४।०७५ को दोस्रो त्रैमाससम्ममा ४३ करोड बीमा शुल्क आर्जन गरेको, कूल लगानी ८५ करोड त्यसैगरी खुद नाफा ४ करोड ८२ लाख आर्जन गर्न सफल भएको जानकारी दिए ।

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565. Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

Remember us for the Construction
of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

कथा

# समयको फेरो (२)

■ लक्ष्मी उप्रेती

त्यति भन्दा पनि विप्लवीमा कुनै परिवर्तनका रेखाहरू देखिएनन् । मेरो कुरा सुनी मात्र रहिन् । उनकी आमाले पनि केही भनिनन् ।

त्यस दिनको मेरो भनाइले उनीहरूलाई के प्रभाव पाऱ्यो कुन्नि मलाई थाहा छैन, तर त्यसको चारपाँच दिनपछि विप्लवीको त्यही केटासँग बिहे हुँदैछ भन्ने सुनें । यो खबरले एक्कासि मलाई ठूलो चोट पऱ्यो र पनि पहिलो प्रेमको विश्वास जोगाएर निरीह हुँदै विप्लवीनिर गएर विप्लवी, तिम्रो बारेमा मैले सुनेको कुरा ठीक हो भनेर आत्तिँदै सोधेँ ।

मेरो निरीहताको मतलबै नराखी “हो नि १ मेरो बिहे भन्दा तपाईं आत्तिनु पर्ने कुरा के छ र ?” उनले रुखो जवाफ दिइन् । उनको यस्तो जवाफले मलाई झन् घायल बनायो । मैले केही पनि सोच्न सकिनँ । मुटुकै टुक्रा झिकेँ झैँ गरी मन दुख्यो र पनि विप्लवीसँग छुटिएँ । त्यहाँदेखि त झन् उनले मसँग भेट्नै चाहिनन् । केही दिनमा उनको त्यही केटासँग बिहे भयो र उनी पनि उससँगै विदेश गइन् ।

एकातिर आमा निको नहुने रोगबाट पीडित र अर्कातिर प्रेममा पाएको धोका सहन निकै गाऱ्हो परेर म विचलित भएँ ।

मेरो चिन्ताले आमाको रोग झन् थपियो । अनि एक दिन “बाबु, बरु डाक्टरलाई सोधेर औषधिहरू लिएर घर नै जाऊँ । यहाँ मलाई झन्झन् गाऱ्हो भयो । तँ पनि एक्लै छस् । गाउँमा त छरछिमेकीहरूले पनि सहयोग गर्छन् । गाउँमा राम्रा गतिला तँलाई माया गर्ने केटी छन् । म मर्नुअघि नै तेरो बिहे गरेर बुहारीलाई आफैँ भित्राउन पाए सन्तोष हुन्थ्यो । त्यसैले नानी उतै जाऊँ ।” आमाले मलाई फकाउनु भयो ।

मेरो सपना टुटिसकेर म निराश भएको बेला, म प्रेमपीडामा विक्षिप्त भएर केही पनि सोच्न नसक्ने भई विचलित भएको स्थितिमा आमाको स्याहार गर्न सकेको थिइनँ । यहाँ आमाको लागि सोच्ने अरू कोही थिएनन् । त्यसैले विप्लवीको घर सधैँका लागि छोडेर अन्धकारमा रुमलिँदैं बिरामी आमालाई लिएर आफ्नै गाँउको घरमा गएँ ।

गाउँमा छिमेकीहरू आमालाई सहानुभूति दिन, सेवासहयोग गर्न आइरहन्थे । आमा जोसँग पनि छोराको बिहे गरिदिएर मेरै हातले बुहारी भित्र्याउन पाए मलाई सन्तोष हुन्थ्यो भनेर भनिरहनु हुन्थ्यो । आमाको यो इच्छा नचाएर पनि स्वीकार्न म बाध्य भएँ । फलतः गाउँ गएकै दुई महिनामा मेरो विवाह दिप्ती नामकी केटीसँग भयो ।

मेरो बिहेमा बिरामी आमा पनि उजेलिनु भएर दिप्तीलाई भित्र्याउनु भयो । जब दिप्ती मेरो जिन्दगीमा आइन् तबदेखि मेरो जीवनले अर्को मोड लियो । दिप्तीले आमाको स्याहारसुसारमा कुनै कमी राखिनन् । आमाको पीडा बढ्दै गए तापनि बुहारी भित्र्याउन पाउँदा उहाँ खुब खुसी हुनु भयो । दिप्तीको साथ पाएर आमालाई सेवा गर्दा गर्दै दिन बित्दै गयो ।

आमालाई रोगले झन्झन् च्याप्न थाल्यो । आमा रोगको पीडा सहन नसकेर खुब छटपटाउनु हुन्थ्यो । हामी हेरिरहन्थ्यौँ, तर केही गर्न सक्दैनथ्यौँ । हेर्दाहेर्दै हाम्रै अगाडि आमा बित्नु भयो । आमाको मृत्युले मलाई निकै नै कमजोर बनायो । दिप्तीले मेरो पीडा र दुःखका हरेक क्षणमा साथ दिँदै सुमसुम्याइरहिन् ।

आमाको मृत्यु भएपछि मलाई गाउँ बस्न पटक्कै मन लागेन । जागिर र पढाइ सबै छाडेर आमालाई लिएर गाउँ आएपछि मेरो जीवनको उद्देश्य नै अलमलिएको थियो । त्यसैले आमाले दिएको आज्ञा अनुसार एक वर्षपछि त्यहाँको खेतबारी बेचेर हामी काठमाडौँ आयौँ । काठमाडौँ आएको केही समयपछि पुरानै कम्पनीमा म फेरी काम गर्न थालेँ । दिप्ती पनि एउटा प्राइभेट स्कुलमा पढाउन थालिन् । हाम्रो जीवन राम्ररी बित्दै गयो ।

दिप्तीको साथले पेन्टिङलाई फेरि निरन्तरता दिदैँ प्राइभेटबाट डिग्री पनि पूरा गरेँ । वास्तवमा दिप्ती जस्ती समझदार जीवनसाथी पाएर मैले विप्लवीलाई बिर्सदै गएँ । यसबेला एक वर्षको छोरो छ हामीलाई आनन्दले भुलाउने ।

आमाको आशीर्वाद र दिप्तीको साथले चित्रकलाको माध्यमबाट आज म पुरस्कृत भएर फ्रान्सको पेरिसमा आइपुगेँ । यत्रो ठूलो पुरस्कार प्राप्त गरेको आजको मेरो सुखद दिनमा विप्लवीसँगको विगतले मलाई विक्षिप्त बनायो । आज उनीसँगको भेट मेरो लागि कस्तो दुर्भाग्य बन्यो ?

प्रतियोगिताका लागि मैले पनि नेपालबाट पेन्टिङ पठाएँ, त्यसमा पुरस्कृत भएँ । मलाई समय र स्थान तोकेर निमन्त्रणा गरियो । म आएँ, जीवनमा अर्कै सपना सजाउँदै । तर जिन्दगीको यात्रा सोचेजस्तो कहाँ हुँदो रहेछ १ यहाँका सञ्चारस्रोतहरूले प्रचारप्रसार गरेरकाले फ्रान्समा रहेका नेपालीहरूले थाहा पाएछन् । अनि गौरवका साथ मलाई बधाई दिन पुरस्कार समारोह स्थलमा नेपालीहरू आएछन् ।

पुरस्कार लिएर जब म बाहिर निस्किएँ, तब नेपालीहरूले हार्दिकताका साथ मलाई बधाई दिए । अलिकति मुख छोपेर निरीह भएर एउटी महिला आँखाका डिलमा आँसु भरेर उभिरहिन् । चिने झैँ लागेर म उनी नजिक गएँ । छोपेको मुख देखाइन् उनी विप्लवी थिइन् । त्यहाँ उनी केही पनि बोल्न सकिनन्,आँसु बरबरी झार्न थालिन् ।

म बस्ने होटलको कार्ड उनलाई दिँदै म भोलिसम्म यही होटलमा बस्छु, तिमी आउन सक्छयौ भने भोलि बिहान आठ बजे आइपुग्नू, हामी नास्ता सँगै गरौलाँ भनेँ । हुन्छ १ भन्दै उनी फरक्क फर्किएर एक निमेषमै भिडबाट ओझेलिइन् ।

विप्लवी बिहान ८ बज्नुभन्दा अघि नै आएर होटलको काउन्टर अगाडि मलाई पर्खिएर बसिरहेकी रहिछन् । उनलाई देखेपछि नास्ता लिने ठाउँतिर बोलाउँदै नास्ता लिएर हामी दुइटा कुर्सी भएको टेबलमा गएर बस्यौँ । अनि मैले नै “विप्लवी तिमी आफ्नो श्रीमान्सँग खुसी नै छयौ हैन त ?” कुरा सुरु गरेँ ।

मेरो प्रश्न सुनेर उनी एकाएक बरबरी आँसु झार्दै रुन थालिन् । वरिपरिका मानिसहरूले के भन्लान् भनेर मलाई अफठेरो लाग्यो । अन्यौलग्रस्त हुँदै म चुप लागिरहेँ । एकछिन रोएपछि आँसु पुछ्दै “मलाई माफ गर्नुहोला । तपाईंलाई धोका दिएर मैले ठूलो गल्ती गरेँछु, जुन गल्तीको कारण तपाईंका सामु पर्न पनि आफैँलाई लाज लाग्छ । जोसँग बिहे गरेर म यहाँ आएँ, उसले छ महिना अगाडि विदेशी केटीसँग अर्को बिहे गरेर कुनै खबर, कुनै ठेगाना समेत नदिई मलाई यहाँ अलपत्र छाडेर कहाँ गए कहाँ, म एक्लै छु यो अर्काको मुलुकमा । यहाँ मैले थुप्रै मानसिक र शारीरिक यातना भोग्नु पऱ्यो । ती दिनहरूमा तपाईंलाई सम्झेर औधी तड्पिन्थेँ । आमा पोहोर बित्नु भयो,” घुक्कघुक्क रुँदै वेदनाले भरिएको स्वरमा विप्लवीले भनिन् ।

पहिलो प्रेम गरेकी विप्लवीको यस्तो स्थिति देखेर मलाई भित्रभित्रै पीडा भयो । उनलाई यस्तो बिचल्लीमा छाडेर म कसरी जान सक्थेँ र ? त्यसैले “तिमी नेपाल नै फर्क त्यसो भए । यहाँ किन एक्लै बस्छयौ त” भावुकताकासाथ मैले भनेँ ।

अत्तालिँदै “हुन्छ १ म पनि तपाईंसँगै जान्छु न त” आशातीत भावमा उजेलिँदै विप्लवीले भनिन् ।

सायद विप्लवीले मसँगै नै जीवन बिताउने आशा गरेर यसो भनेको होला । मेरो दाम्पत्य जीवनका कुरा यिनलाई थाहा नहुन सक्छ । त्यसैले मेरा आफ्ना कुरा भनेरमात्र उनलाई सहयोग गर्छु भन्ने सोचेर “नेपाल फर्कनका लागि मेरो आजको रिर्जभेसन छ । तिमी पनि मसँगै जाने भए तिम्रो टिकट मिलाउनका लागि मेरो रिर्जभेसन क्यान्सिल गर्छु । तर तिमीलाई मेरा केही कुरा भन्छु । मलाई बुझ्ने मेरो दुःख सुखमा साथ दिने मेरी जीवनसाथी दिप्ती छिन् र हाम्रो एक वर्षको छोरो पनि छ । म उनलाई धोका दिन्नँ । त्यसैले तिमीलाई मित्रलाई गर्न सक्ने सहयोग मात्र गर्न सक्छु, त्यसभन्दा बढी म केही गर्न सक्दिनँ” उनी भ्रममा नपरून् भन्ने सोचेर उनको अनुहार हेर्दै आफ्ना कुरा भनेँ ।

मेरो कुरा सुनेपछि उनी निरीह बनेर मलाई हेरेर टोलाइरहिन् । केही बोल्न सकिनन् । एकछिनपछि अनौठो अनुहार लगाउँदै बल गरेर भनिन् “भै गयो त । तपाईंलाई दुःख दिन्नँ” एकछिन चुप लागेर फेरि अवरुद्ध आवाजमा बोलिन् “अब मैले नेपाल कस्का लागि जानु र ?” बरर आँसु खसालेर त्यहाँबाट जुरुक्क उठेर सुरु-सुरु हिँडिन् ।

होटल बाहिरसम्म म उनको पछि लाग्दै विप्लवी.....विप्लवी भनेर कराएँ । तर उनी पछाडि नफर्कीकन अगाडि बढिन् । उनलाई रोक्न उनी पछि-पछि अलि परसम्म गएँ तर उनी दौडँदै अगाडि बढेकाले भेट्ने आसै भएन । फेरि उनलाई पछ्याउँदै टाढा टाढासम्म जान सक्तिनथेँ । किनभने बिरानो ठाउँ म कतै अलमलिएर बाटो फरक पऱ्यो भने मेरो प्लेनको समय फुत्कन सक्ने डर थियो । त्यसैले उनलाई हेरिरह...बस हेरिरहेँ, जबसम्म मेरो दृष्टिबाट उनी ओझेलिइनन् तबसम्म हेरिरहेँ ।

क्षितिजमा सेता बादलका थुम्काले सजिएको नीलो आकाशको मनमोहक दृश्यले पनि मलाई छोएन, कावा खाइरहेका चराका लामले पनि मलाई प्रभाव पारेन । बरु सूर्यको तेजस्वी किरणबाट सुटुक्क छिरेको चिसो हावा मेरो एकाग्रता भङ्ग हुने गरी कानमा साहुती मार्दै अगाडि बढ्यो । मेरो मस्तिष्कमा स्पर्श गर्दै मन फर्कायो ।

# अमेरिकामा 'नेभर अगेन' अभियान



विष्णु भट्टराई






फ्लोरिडाको एक विद्यालयमा १४ फेब्रुअरी २०१८ मा भएको गोलीबारीको घटनामा १७ जनाको मृत्यु भएको छ। यस घटनाले अमेरिकी आमजनताको सुरक्षा र सर्वसाधारणले समेत बन्दुक राख्न पाउने कानुनमाथि नै प्रश्न उठाइदिएको छ । अमेरिकामा पछिल्ला पाँच महिनामा अमेरिकामा तीनवटा ठूला गोलीबारीका घटना भएका छन् । यसअघि सन् २०१७ को नोभेम्बर टेक्सासमा डेभिड प्याट्रिक केली नामका युवाले गरेको गोली प्रहारको घटनामा २६ जनाको मृत्यु भएको थियो । जुन घटना टेक्सासको इतिहासकै सबैभन्दा हिंसात्मक गोलीबारीको घटना थियो ।

यसैगरी १ अक्टोबर २०१७ मा लस भेगासमा स्टेफन प्याडोकले एउटा कन्सर्टमा गोली चलाउँदा ५८ जनाको मृत्यु भएको थियो भने अन्य ५ सयभन्दा बढी घाइते भएका थिए । अमेरिकामा सन् १९४९ पछि यस्तो आमसुटिङका घटनामा वृद्धि हुने गरेको पाइन्छ । यस प्रकारका घटनामा अमेरिकी नागरिकहरूले वैध रूपमा नै किनेका हतियारहरूको प्रयोग हुने गरेको छ। जसका कारण अमेरिकामा यतिबेला यस्ता विनाशकारी हतियार नियन्त्रणको बहस सिर्जना भएको छ ।

सन् २०१६ मा भएको राष्ट्रपतीय निर्वाचनमा हतियार नियन्त्रणको विपक्षमा उभिएका राष्ट्रपति डोनाल्ड ट्रम्प पनि यतिबेला हतियार नियन्त्रण गर्नुपर्ने भनाइमा सहमत हुन थालेका छन् । अमेरिकामा चुनौतीका रूपमा देखिँदै आएका यस प्रकारका गोलीबारीका घटनामा सुरु सुरुमा आतंकवादीको संलग्नता रहेको दाबी गरिए तापनि त्यस्ता दाबी गलत साबित भएका छन् । बरु यस्ता घटनामा अमेरिकी नागरिक र उनीहरूले राखेका वैध हतियार नै प्रयोग भएको पाइएको छ । त्यसकारण पनि हतियार नियन्त्रण गर्ने, हतियार राख्नेको पूर्ण विवरण उल्लेख राख्ने र हतियार किन्नुअघि उसको मानसिक स्वास्थ्यको राम्रोसँग जाँच गर्नुपर्ने माग यतिबेला चर्को रूपमा उठेको छ । यो माग उठ्नुका पछि एक दुई घटना नभएर दर्जनौं यस्ता घटना छन्, जहाँ सयौं अमेरिकी नागरिकले ज्यान गुमाउनु परेको छ ।



अमेरिकाको लस भेगासमा नेभाडाका ६४ वर्षीय स्टेफेन प्याडोकले करिब २२ हजार दर्शकहरू सहभागी भएको एक कन्सर्टमा मान्डले बे रिसोर्ट तथा क्यासिनोको ३२औं तलाबाट गोली प्रहार गर्दा ५८ जनाको मृत्यु भएको थियो भने ५ सय भन्दा बढी घाइते भए । करिब १० देखि १५ मिनेटसम्म उनले लगातार गोली चलाएका थिए । उनलाई पक्राउ गर्न जाँदा मृत भेटिए। उनले आफैंले गोली हानेर आत्महत्या गरेको बताइन्छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकामा बढिरहेको बन्दुक आतंक रोक्न शिक्षकलाई समेत बन्दुक राख्न दिने अधिकार सुनिश्चित गर्ने बताएका छन । उनले बन्दुक बोकेका शिक्षक तथा कर्मचारीले नै यस्ता आक्रमणलाई तत्काल नियन्त्रणमा लिन सक्ने दाबीसमेत गरेका छन् ।

ह्वाइटहाउसमा उनले करिब ४० जना विद्यार्थी, शिक्षक र अभिभावकको बन्दुक राख्न नियम परिमार्जनका लागि दिएका सुझावहरू सुनेपछि बन्दुक नियन्त्रणमा शिक्षक प्रभावकारी हुन सक्ने बताए । बन्दुक किन्ने व्यक्तिको पृष्ठभूमिको राम्ररी जाँच गर्न गरेको आग्रहलाई पनि उनले समर्थन गरेका छन् । राष्ट्रपति कार्यालयबाट यो कार्यक्रम प्रत्यक्ष प्रसारण भइरहँदा सयौं किशोर-किशोरीले यसको समर्थनमा राजधानी वासिंगटन डीसीमा ¥याली निकालेका थिए ।

गोलीबारीको घटनामा आफ्नी छोरी गुमाएका एन्ड्र्यु पोल्लाकले आफूहरूका बच्चाको जीवन रक्षा गर्न राज्य असफल भएको बताएका थिए । अमेरिकाको इतिहासमा विद्यालयमा भएको दोस्रो ठूलो हिंसात्मक गोलीबारीमा उनले आफ्नी छोरी मिडोलाई गुमाएका थिए । उनले भने, 'म धेरै दुःखी छु ।' सन् २०१२ मा स्यान्डी हक इलिमेन्ट्री स्कुलमा भएको गोलीबारीमा छोरा ड्यानियललाई गुमाएका मार्क वार्डेनले धेरै बन्दुक नियन्त्रणबाहिर रहेको बताएका छन् । उनले भने, 'अहिले विद्यालयका शिक्षकहरूको जिम्मेवारी धेरै रहेको छ ।'

सो क्रममा राष्ट्रपति ट्रम्पले शिक्षकलाई बन्दुक राख्न दिने विषयलाई आफूले दृढतापूर्वक अघि बढाउने प्रतिबद्धता जनाएका छन् । उनले भने, 'यदि तपाईंसँग बन्दुक चलाउने तालिमप्राप्त शिक्षक छन् भने उनीहरूले धेरै सजिलो र छिट्टै यस्ता आक्रमणको प्रतिरोध गर्न सक्छन् ।'

उनले सो अवसरमा यस्ता घटना मानसिक अवस्था ठीक नभएका कारण पनि घट्ने भन्दै आफू मानसिक स्वास्थ्यका बारेमा धेरै गम्भीर रहेको समेत बताए । उनले आफूहरूले बन्दुक किन्नेहरूको पृष्ठभूमि जाँचमा कडा बन्ने जानकारीसमेत दिए । उनले आफ्नो चुनावी अभियानका क्रममा भने नागरिकले बन्दुक राख्न पाउनुपर्ने पक्षमा वकालत गरेका थिए । सन् २०१६ को चुनावी अभियानका क्रममा पनि उनले आफू कक्षाकोठामा बन्दुक पुग्ने कुराको विपक्षमा रहेको बताएका थिए ।

स्टोनम्यान डगलस विद्यालयमा आक्रमणका समयमा ड्युटीमा सशस्त्र सुरक्षा गार्ड खटाइएको थियो । तर, उनले बन्दुक चलाएनन् । विद्यालयमा कक्षाकोठासम्म बन्दुक लैजाने विषयमा सन् २०१३ मा राष्ट्रिय शिक्षा संघले गरेको सर्वेक्षणमा २२ प्रतिशत शिक्षक मात्रै बन्दुक बोक्न सहमत भएका थिए भने ६८ प्रतिशतले यसलाई पूर्ण रूपमा अस्वीकार गरेका थिए । यस्तै, ७२ प्रतिशत शिक्षकले कानुनले स्वीकृति दिएमा पनि आफूहरू बन्दुक बोक्ने पक्षमा नरहेको बताएका थिए ।

अमेरिकाका ४० प्रतिशत मानिस आफूसँग बन्दुक रहेको र बन्दुक राख्न पाउनु आफूहरूको अधिकार भएको बताउँछन् । तर, एक अमेरिक स्कट पपालार्डोले आफ्नै बन्दुक दुई टुक्रा पारेर काट्दै प्रहरी स्टेसनमा बुझाउन सबैलाई आग्रह गरेका छन् । यस्तो गर्ने उनी एक्लो व्यक्ति भने होइनन् । फ्लोरिडा घटनाको विरोधमा अहिले अमेरिकामा 'नेभर अगेन' अभियानको सुरुवात गरेका छन् । उनीहरूले बन्दुकबाट हुने यसप्रकारका हिंसात्मक घटना बन्द गर्न र बन्दुक राख्ने कानुनमा परिमार्जन गर्न माग गरिरहेका छन् ।

यसपछि स्कट पपालार्डोले फेसबुकमा राखेको एक भिडियोमा आफ्नो एआर-१५ राइफललाई इलेक्ट्रोनिक हतियारले काटेको देखिएको छ । न्युयोर्कमा बस्ने पपालार्डोले भने, 'फ्लोरिडाको घटनाले मेरो हृदयसम्म झकझकायो। यो बन्दुक गत साल नै बेच्न चाहन्थें, प्रदर्शन गरिरहेका बच्चाको अनुहारमा पीडाको झलक देखिन्थ्यो र उनीहरूको कहानीले मलाई यसो गर्न बाध्य बनायो ।'

पपालार्डोको यस भिडियोले अरूलाई पनि बन्दुक फाल्न प्रेरित गरिरहेको छ । देबी लेन्जले फेसबुकमा फोटो पोस्ट गर्दै पपालार्डोलाई धन्यवाद दिएकी छन् । उनले लेखेकी छन्, 'यो मेरो एआर-१५ राइफल हो, स्कट पपालार्डोले मलाई प्रेरित गरेका छन्, यसलाई के गर्नुपर्छ भन्ने बताएकोमा धन्यवाद, यो केही वर्षदेखि मसँग थियो, अबदेखि म यससँग बस्न सक्दिनँ ।'

अमेरिकामा बन्दुक नियन्त्रणको विषयलाई लिएर अहिले तीव्र बहस चलिरहेको छ । १४ फेब्रुअरीको घटना संख्यात्मक हिसाबले कमको मृत्यु भएको गोलीबारीको घटना भए पनि यस्ता प्रकारका घटनामा कहिलेसम्म निर्दोष मानिस सिकार भइरहने भन्ने प्रश्नसँगै बन्दुक नियन्त्रणको अभियान सुरु भएको छ। यो घटनापछि केही व्यक्तिले स्वतःस्फूर्त रूपमा बन्दुक छाडेका घोषणासमेत गरेका छन् भने राजनीतिक स्तरमा समेत बन्दुकले तरंग उत्पन्न गरेको छ ।

अमेरिकामा यो घटनापछि बन्दुक नियन्त्रणको पक्षमा रहेका र सञ्चारमाध्यमले लाभ उठाउन खोजेको आरोपसमेत लागेको छ। राष्ट्रिय राइफल संघका प्रमुख वेन लापेरेले 'अवसरवादी' मानिसहरूले यस घटनालाई बन्दुक नियन्त्रणमा प्रयोग गर्न खोजेको आरोप लगाएका छन् । उनले अहिले अमेरिकी जनतामा रहेको बन्दुक राख्न पाउने अधिकार खोस्न खोजेको बताए । तर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प भने विद्यालयमा हुने गोलीबारीका घटना रोक्न शिक्षकलाई बन्दुक दिने पक्षमा उभिएका छन्। उनले शिक्षकलाई बन्दुक राख्नका लागि अतिरिक्त पैसासमेत दिने बताएका छन् ।

घटनाबारे एफबीआईले पहिले नै संकेत पाएर पनि रोक्न नसकेको भन्दै एफबीआईको आलोचनासमेत भइरहेको छ । घटनाको सिकार भएका मानिसहरूले बन्दुक राख्नका लागि कडा कानुनको माग गरिरहेका छन् । यसका लागि उनीहरूले 'नेभर अगेन' अभियानसमेत चलाइरहेका छन् । उनले डेमोक्रेट्समाथि राष्ट्रिय राइफल संघलाई बदनाम गर्न खोजेको आरोप मात्रै लगाएनन्, अमेरिकी विद्यालयमा सुरक्षामा सहयोग गर्ने दाबीसमेत गरे । यद्यपि कतिपयले यो भनाइको खण्डन गरेका छन् । अमेरिकी शिक्षक एकता महासंघका अध्यक्ष ¥यान्डी वाइनगर्टनले राइफल संघको भनाइमा असहमति जनाउँदै 'जुन व्यक्ति विद्यालयमा बन्दुक चाहन्छ, उसले बन्दुक नियन्त्रणमा के गर्न सक्छ ?' भन्दै प्रश्न गरेका छन् । राष्ट्रपति ट्रम्प यस्ता घटना नियन्त्रणका लागि शिक्षकलाई बन्दुक दिने पक्षमा उभिएपछि यसमाथिको बहस थप चुलिएको छ । *(एजेन्सीहरुको सहयोगमा)*

## रोचक संसार

### दुई राज्यका राजा

दुई दुईवटा देशका राजाले मेकानिकको काम गर्छन् भनेर पत्याउनुहुन्छ ? पत्याउन गाह्रो पर्ला । तर दुईवटा अफ्रिकी राज्यका यी राजाले मेकानिकको काम गर्दछन् र स्काइपबाट आफ्नो राजकाज चलाउँदछन् ।

७० वर्षका सिफस बन्साह दुईवटा अफ्रिकी राज्यका राजा हुन् । हाल उनी जर्मनीमा बस्दछन् र जर्मनीबाटै स्काइपमार्फत राजकाज चलाउँदछन् । उनी जर्मनीमा कार मर्मत गर्ने काम गर्दछन् । यी राजा टोगो र घानाका वादशाह हुन् । जर्मनीमा बसेर उनले स्काइपबाट यी दुई देशमा शासन चलाउँदछन् । उनको जन्म घानामा भएको थियो । राजा नियुक्त हुनुअघि नै उनी जर्मनी प्रवेश गरेका थिए सन् १९७० मा । उनको राज्य पूर्वोत्तर घाना र टोगाको सीमाक्षेत्रस्थित दुवै देशको क्षेत्र पर्दछ । त्यहाँ ३ लाख मानिस बस्दछन् । टोगोमा उनलाई सुपेरियर एण्ड स्प्रिचुअल चिफ अव इवे पिपुल भनेर चिनिन्छ ।

### मुसा समातिएपछि मोबाइलमा सन्देश

एउटा यस्तो मेसिन बनाएका छन् वैज्ञानिकहरुले जसले मुसा समातिसकेपछि वाइफाइका माध्यमबाट तपाइँको स्मार्टफोनमा सन्देश पठाउनेछ । एक कम्पनीका इन्जिनियर हरुले यस्तो मेसिन बनाएका हुन् जसले मुसा पक्रिनेछ र त्यसको सन्देश प्रयोगकर्ताको मोबाइलमा पठाउनेछ ।

वेकफिल्ड टेक्नोलोजी नामक उक्त कम्पनीले हालै एउटा यस्तो मुसा समात्ने मेसिन बनाएको हो । यसमा विशेष खालको वाइफाइ डिभाइस जडान गरिएको छ । जब यो मुसेरीमा मुसा पर्नेछ, तब त्यसले स्मार्टफोनमा सन्देश पठाउनेछ । मुसा आतंकबाट आजित बनेकाहरुका लागि यो मेसिन निकै गज्जबको साथी बन्ने पक्का छ ।

यो मुसाको जाल अर्थात् मुसेरीमा एउटा मोसन सेन्सर डिभाइस रहेको छ जसले मुसा तथा मेसिन दुबैको गतिविधि ट्र्याक गर्दछ । मोसन सेन्सर डिभाइस ठ्याक्कै चिजजस्तै देखिन्छ । त्यसैले त्यसलाई खाने चिजजस्तो मानेर मुसा खुसी हुँदै मुसेरीभित्र दौडिन्छ र भित्र छिरेपछि बन्द हुन्छ । जब मुसा मेसिनभित्र फस्दछ तब त्यसको जानकारी सेन्सरमार्फत सम्बन्धित व्यक्तिको स्मार्टफोनको एपमा प्राप्त हुन्छ

### १३ वर्षसम्म दिसा नगर्दा...




यो घटना अमेरिकाको हो । अहिले ती मानिसको आन्द्रा अमेरिकाको फिलाडेल्फियास्थित मुटर संग्रहालयमा राखिएको छ । कसैलाई पनि पत्यार लागेको थिएन की आखिर कुनै व्यक्ति १३ वर्षसम्म दिसा नगरीकन कसरी जिवित रहन सक्दछ ? सायद यो दुनियाकै पहिलो तथा सबैभन्दा अनौठो घटना थियो ।

वास्तवमा ती व्यक्तिलाई गम्भीर खालको कब्जियत थियो । HirschsprungÚs Disease नामक रोगका कारण उनको आन्द्रामा गम्भीर खालको रोकावट आयो । जसका कारण उनले दिसा गर्न सकेनन् । अन्त्यमा २९ वर्षको उमेरमा कब्जियतकै कारण उनको मृत्यु भयो । पछिल्लो १३ वर्षमा उनले दिसा गरेका थिएनन् । त्यसबेला उनको ठूलो आन्द्रा २५ फिट लामो र ८ फिटको गोलाइको बनेको थियो । उनको आन्द्राबाट यतिधेरै दिसा निकालियो की दिसाको तौल नै १८ किलो थियो र तिनवटा बाल्टिन भरिए ।

### मन्दिरमा आइफोन



भगवानलाई एकसे एक महंगा उपहार चढाएको त सुनिएकै थियो । नगद पैसादेखि गहना र कपडा तथा बहुमूल्य सजावटका सामानहरु समेत मानिसले भगवानलाई चढाउँछन् । तर यहाँ एकजना मानिसलाई भगवानलाई जे चढाएका छन् त्यो अहिलेसम्मकै नौलो छ । हालै भारतमा एकजना व्यक्तिले मन्दिरमा भगवानलाई जे चिज चढाए त्यसले सबैलाई छक्क पायो ।

भारतको विजयवाडास्थित सुब्रमण्डा स्वामी मन्दिरमा रहेको दानपात्रमा हालै अहिलेसम्मै नचढाइएको वस्तु फेला पर्यो । दानपात्रमा त्यस्तो चिज फेला परेपछि मन्दिरमा तहल्का नै मच्चियो ।

वास्तवमा मन्दिरको दानपात्रमा आइफोन सिक्स एस फेला परेको थियो । दानपात्रमा आइफोन फेला परेपछि सुरुमा त पुजारीलाई त्यो नक्कली आइफोन होला भन्ने लाग्यो । तर पछि चेक गर्दा पो थाहा भयो, त्यो त सक्कली फोन रहेछ । मन्दिरको दानपात्रमा महंगो आइफोन सिक्स एस फेला परेको कुरा मन्दिरका कार्यकारी अधिकृतलाई गराइयो । मन्दिरको दानपात्रमा कसले आइफोन चढायो भन्ने खुलेको छैन । मानिसहरुले अनेक थरी अनुमान तथा हँसिमजाक गरिरहेका छन् ।

कतिपयको अनुमान छ की मोबाइल फोनको पसल सुरु गरेको कुनै व्यक्तिले आफ्नो व्यापार फलिफाप होस् भनेर भगवानलाई मोबाइल फोन चढाएको हुनसक्छ ।

कतिपयले चाहीँ भगवानसँग सीधै कुराकानी गर्नका लागि कसैले मन्दिरमा आइफोन चढाएको बताउने गरेका छन् । तर आइफोन चढाउने मानिस र त्यसको कारण चाहीँ अहिलेसम्म पत्ता लागेको छैन ।

### गज्जबको भोजनालाय

आफुले मनलाग्दी पेटभर खाएपछि पैसा पनि हजम गरेको खानेकुरा अनुसार नै चुक्ता गर्नुपर्छ होटेल रेष्टुरेन्टमा । तर यो दुनियामा यस्तो रेष्टुरेन्ट पनि रहेछ, जहाँ इचछा लागेको पेटभर खान पाइन्छ, तर पैसा चाहीँ आफुसक्दो तिरे पुग्छ । यदि तपाइँलाई पैसा तिर्ने मन छैन वा सक्नुहुन्न भने नतिरेपनि हुन्छ ।

यसो पढिरहँदा त्यस्तो रेष्टुराँमा जाउँजाउँ लाग्यो होला । तर पर्खिनुस् हाम्रो नेपालमा चाहीँ होइन यो रेष्टुराँ । भारतको केरलामा यस्तो रेष्टुरेन्ट खुलेको हो । केरालाको अलप्पुझा जिल्लामा खुलेको यो रेष्टुरेन्टको नाम हो जनकीय भक्षणशाला अर्थात् जनता भोजनालय ।

यो रेष्टुरेन्ट सरकारी रेष्टुरेन्ट हो । त्यहाँके राज्यसरकारको वित्तिय संस्थाको सिएसआर फन्डबाट त्यो सञ्चालित छ । गत मार्च ३ देखि सर्वसाधारणका लागि रेष्टुरेन्ट खुलेको हो । वित्तमन्त्री थोमस इसाकले उक्त रेष्टुरेन्टको सम्बन्धमा आफ्नो फेसबुकमा लेखेका छन् 'तपाइँलाई यदि भोक लागेको छ भने यहाँ आएर खाना खानुस् । त्यहाँको काउन्टरमा पैसा लिने कुनै क्यासिएर हुनेछैन । तपाइको आफ्नो मन नै यहाँको लागि क्यासिएर हो । तपाइँले दान दिन चाहेको कुरा काउन्टरमा रहेको बाकसमा राखिदिन सक्नुहुन्छ । पैसा नहुने मानिसहरु पेटभर खाएर पैसै नदिई पनि जान सकिन्छ ।'

### मान्छेका ५४ वटा हात



चिसोका कारण जमेर बरफ बनेको नदीमा मानिसको हातका दर्जनौं टुक्रा फेला परेपछि त्यसले ठूलो रहस्य सिर्जना गरेको छ ।

सुदुरपूर्वी साइबेरियास्थित खाब्राओभ्स्क सहर नजिकै अमुर नदीमा ५४ वटा मानव हात फेला परेका हुन् । स्थानीय बासिन्दाले पहिलोपटक जमेको पानीमा मान्छेका हात देखेका थिए । ती मध्ये ५३ वटा झोलाभित्र थिए भने एउटा बाहिरै थियो ।

ती लास को मानिसका हुन् भन्ने पत्ता लागेको छैन । मान्छेका लासको तस्करी गर्ने तस्करहरुले औँठाछापबाट मान्छेको पहिचान नहोस् भन्नका लागि लासको हात काटेर फ्याँकिदिएको र बाँकी सरीर लिएर गएको हुनसक्ने अनुमान गरिएको छ। कतिपयले चाहीँ ती हातहरु चोरी गर्ने मानिसलाई सजायँ दिएर काटिदिएका हात भएको दाबी गरेका छन् । कतिले अस्पतालमा दुर्घटना वा रोगका कारण हात काट्नुपर्ने अवस्थाका मानिसका काटिएका हात भएको हुनसक्ने पनि अनुमान गरेका छन् । मान्छेका हात रहेको ठाउँके नजिकै अस्पतालमा प्रयोग हुने पञ्जा समेत फेला परेको थियो ।

### पहिलो टाटु



मानिसले आफ्नो सरीरमा कहिलेदेखि टाटु बनाउन थालेको होला ? धेरैको अनुमान हुनसक्छ यहीँ आधुनिक युगमा। यसअघि अफ्रिकामा मानिसहरुले १ हजार वर्षअघिबाट मात्र सरीरमा टाटु बनाउन सुरु गरेको प्रमाण फेला परेको थियो । तर हालै यस्तो प्रमाण फेला परेको छ जस अनुसार दुनियामा मानिसहरुले ५ हजार वर्षअघिबाटै सरीरमा टाटु खोपाउन सुरु गरेको पाइएको छ ।

इजिप्टमा झण्डै हजार वर्षअघि मृत्यु भएका दुईवटा मानिसका लासमा कलात्मक चित्र र टाटु खोपिएको पाइएको छ । इजिप्टको गेबेलियन सहरमा १ सय वर्षअघि फेला परेको एकजना महिलाको लासको अध्ययनका क्रममा हालै त्यसको पाखुरा तथा काँधमा धर्को तथा एस आकारको संकेतयुक्त टाटु फेला परेको छ । त्यस्तै अर्को पुरुषको लासमा चाहीँ जंगली साँढे र बार्बारी भैंडाको चित्र खोपिएको पाइएको छ। यी दुई महिला र पुरुष इशापूर्व ३३ सय ५१ देखि ३०१७ को बीचमा हालको इजिप्टको लक्जोर भन्दा ४० किमी दक्षिणमा पर्ने गेबेलियनमा बसोबास गर्ने मानिस भएको वैज्ञानिकको ठहर छ ।

*अनलाइन खबरबाट*

प्रेरक

## सबै धर्मको सम्मान गरौं

कुनै समयमा काकासाहेब कालेलकर आफ्ना केही साथीभाइसँग विचारविमर्श गरिरहेका थिए । केही समयमा उनको सानो छोराले छेउमा आएर सबैले सुन्ने गरी भन्यो- बाबा, यी मुसलमानले सधैं हिन्दुलाई मार्छन् । अब हामी पनि मिलेर यी मुसलमानलाई मारिदिउँ हुन्छ ? छोराको प्रश्न सुनेर काकासाहेब एकछिन अकमक्क परे, एकछिन सोचे र आफ्नै पाराले उसलाई जवाफ दिए । उनले भने- 'तिमीले एकदम ठीक भन्यौ तर हामीले सुरुवात कसबाट गर्ने ? आऊ सबभन्दा पहिले इमामबाट गरौं, उनैको पहिले हत्या गरौं ।

यो सुन्नेबित्तिकै उनको छोराले भन्यो- 'हैन, हैन बुबा, उहाँ त हामीभन्दा पनि ठूला मानिस हुनुहुन्छ । उहाँलाई त कसरी मार्न सकिन्छ र ? छोराको भनाइ सुनिसकेपछि काकाले भने- 'ठीक छ, त्यसो भए अमिनालाई मारिदिउँ न त ।' यो सुनेर बच्चा झनै चिन्तित भयो । उसले भन्यो हैन हैन अमिना दिदीलाई कसैले मार्न सक्दैन, उनी त मेरी आफ्नै दिदीजस्तै हुन् । काकाले एकछिन सोचेर भने- 'ठीक छ त्यसो भए छिमेकी हमिदको हत्या गरिदिउँ न त । बच्चा फेरि करायो- 'हमिद मेरो लसाथी हो, म कुनै हालतमा हमिदको हत्या गर्न दिन्न ।'

तब त्यो सानो बच्चाको ढाड सुमसुम्याउँदै काकाले भने- 'छोरा मुसलमान पनि हाम्रै दाजुभाइ हुन् जसले हिंसा गरिरहेका छन् उनीहरु न हिन्दु हुन् न मुसलमान । उनीहरु त गुण्डा हुन् र गुण्डाको कुनै नियम वा धर्म हुँदैन । जसरी तिमी मुसलमान भाइबहिनीको हत्या सहन सक्दैनौं त्यसरी नै कयौं यस्ता मुसलमान छन् जसले हिन्दुको हत्या सहन सक्दैनन् । त्यसैले हामीले सबै धर्मको आदर गर्नुपर्छ र जुनसुकै धर्म माने पनि आपसमा मिलेर बस्नुपर्छ ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ । प्रतीक्षा गरिएको काम बन्न सक्छ । सेवामूलक कामबाट उपलब्धि हातलागी हुनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । कीर्तिमानी काम गर्ने समय छ । तर, परिस्थितिवश आफन्तबाट टाढिनुपर्ने हुन सक्छ । आफ्नो क्षेत्रमा अरूले प्रभाव जमाउन सक्छन् । विश्वासपात्रले धोका दिने हुँदा समयमै सजग रहनुपर्ला ।

### बृष

अप्ठ्यारो परिस्थितिमा पनि काम बन्नेछ । तर ठूलो फाइदा नदेखिएकाले लाभ उठाउन हतार नगर्नुहोला । बाध्यतामा अलमलिनुपर्दा चिताएको काममा बाधा आउला । अरूका लागि बुद्धि खर्चनुपर्नेछ । जीवनशैली व्यस्त रहे पनि कम महत्वका काममा समय दिनुपर्ला । चिताएका काममा बाधा पुग्न सक्छ । शुभचिन्तकहरूले सहयोगको तत्परता देखाउनेछन् ।

### मिथुन

अस्वस्थताले आफूलाई कमजोर भएको अनुभूति हुनेछ । काममा ढिलासुस्ती हुन सक्छ । अप्रिय समाचारले मन खिन्न बनाउला । अध्ययनमा पछि परिनेछ भने व्यापारमा सोचेको फाइदा नउठ्ने देखिन्छ । नयाँ योजना प्रारम्भ गर्न उपयुक्त साइत पर्खनुहोला । नतिजा सच्याउन काम दोहोर्याउनुपर्ला । लगनशील भएर प्रयत्न गर्दा बिस्तारै अवरोध हट्न सक्छ ।

### कर्कट

छोटो समयमा मनग्गे फाइदा हुनेछ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । विशेष उपहार प्राप्त हुन सक्छ । परिवारजनको साथले उत्साह जगाउनेछ । मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुने समय छ । व्यापारको बहानामा रमाइलो यात्रा हुन सक्छ । आम्दानी राम्रो भए पनि सुविधाका लागि खर्च बढ्न सक्छ । काम गर्दा होसियार पुऱ्याउनु राम्रो होला ।

### सिंह

केही दौडधुप गर्नु परे पनि पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ । चुनौती पन्छाएर काम बनाउन सकिनेछ । दिगो फाइदा हुने काममा जग बसाउने मौका छ । मिहिनेतले प्रतिस्पर्धाको दौडसमेत जिताउन सक्छ । तर द्वेष तथा ईर्ष्या गर्नेहरूले सताउन सक्छन् । अरूको वचन हार्न नसक्दा दुस्ख पाइनेछ र खर्च पनि हुनेछ । परिबन्धले अप्ठ्यारोमा पार्न सक्छ ।

### कन्या

स्वास्थ्यमा कमजोरी अनुभूति हुनेछ भने चिताएको काममा विलम्ब हुन सक्छ । समयको मागअनुसार चल्न नसक्दा पछि परिनेछ । अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला । बौद्धिक व्यक्तित्वहरूसँग प्रतिस्पर्धा गर्नुपर्ने स्थिति आउन सक्छ । समयको तालमेल नमिल्दा योजना अधुरै रहनेछ । हल्लाको पछि लाग्दा दुस्ख पाइनेछ भने मिहिनेतको प्रतिफल न्यून पाइनेछ ।

### तुला

तत्कालको सामान्य फाइदा हेर्दा पछिलाई घाटा हुन सक्छ । बेसुरमा बोल्ने बानीले दुस्ख पाइनेछ । विशेष योजना सार्वजनिक नगर्नुहोला । काम बिग्रने डरले सताउनेछ । साझेदारीमा समस्या आउनाले पहिलेको सम्झौता भंग हुन सक्छ । अरूको व्यवहारले शंका उब्जाए पनि मान्यजनको सुझाव शिरोधार्य गर्दा फाइदा हुनेछ । दिगो योजनामा अघि बढ्दा लाभ मिल्नेछ ।

### बृश्चिक

नयाँ काममा हात हाल्ने समय छ । केही संघर्ष गर्नुपरे पनि राम्रो फाइदा उठाउन सकिनेछ । कृषिकर्म र व्यावसायिक काममा मनग्गे लाभ हुनेछ । उद्योग र व्यापारमा विशेष फाइदाको योग छ । सहयोगीहरूले हात झिक्नाले केही समस्या भने बढ्न सक्छ । प्रतिस्पर्धीहरूले अलि दुस्ख देलान् । काममा सहयोगको आशा देखाउनेहरूबाट धोका पाइने सम्भावना देखिन्छ ।

### धनु

अरूको भरपर्दा प्रभावकारी काम नहुन सक्छ । मानसम्मानमा बाधा पुग्नेछ । विचारलाई तौलेर मात्र व्यक्त गर्नुहोला । बुद्धिको उपयोगले अरूलाई आफ्नो पक्षमा लिन सकिनेछ । विवेकले काम लिने प्रयत्न गर्नुहोला । आवश्यक पर्दा सहयोगीहरूको साथ पाइनेछ । मिहिनेत गर्दा बिस्तारै काम बन्न सक्छ । अवसर प्राप्त भए पनि दैनिकीमा परिवर्तन नआउन सक्छ ।

### मकर

तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू बढ्नेछन् । विशेष अवसरले प्रसन्नता दिलाउनेछ भने सहयोगीहरूले काममा उत्साह जगाउनेछन् । विशिष्ट व्यक्तिहरूसँग भेटघाट हुनेछ । आकर्षक उपहारले उत्साह जगाउनेछ । रोकिएका काम सम्पादन हुने र नयाँ काम पाइने योग छ । पारिवारिक जमघटले आनन्द दिलाउनेछ । मिहिनेतले आत्मविश्वास बढाउने समय छ ।

### कुम्भ

बेसुरमा काम गर्ने बानीले चुनौती निम्त्याउन सक्छ । व्यवसायमा लगानी बढाउनुपर्ने परिस्थिति आउन सक्छ । अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला । खर्च लागे पनि यात्रा गर्ने प्रक्रिया अघि बढ्नेछ । छर-छिमेकमा केही असमझदारी देखिए पनि टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ । आफन्तजनबाट भने टाढिनुपर्ला । पतिपत्नीबीच घरसल्लाह नमिल्न सक्छ ।

### मीन

प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ । आयआर्जन बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । कृषि, पशुपालन तथा व्यापारमा प्रशस्त फाइदा हुनेछ । चल(अचल धनको उपयोगबाट मनग्गे फाइदा उठाउन सकिनेछ ।

## प्रतिभाशाली कलाकारको छनोट

ओ मेगा इन्टरटेनमेन्टले प्रतिभाशाली कलाकारको छनोट गर्न 'नेपाल्स मेघा सिनेस्टार' आयोजना गर्ने भएको छ । आउँदो २८ चैतदेखि यसको अडिसन सुरु हुनेछ ।

नेपालमा धेरै प्रतिभावान कलाकार भए पनि उनीहरुले चलचित्रमा आउन अवसर नपाएकाले उनीहरुलाई मञ्च दिलाउन यो प्रतियोगिता आयोजना गर्न लागिएको निर्देशक प्रवेश सम्राट बरालले बताए ।

बरालका अनुसार काठमाण्डौ, चितवन, पोखरा, बुटवल, नेपालगन्ज, वीरगञ्ज, इटहरी गरेर नेपालका ७ प्रमुख शहरहरुमा अडिसन हुनेछ ।असारको पहिलो सातादेखि कार्यक्रम टेलिभिजनबाट प्रसारण हुनेछ । रियालिटी शोमा बिजेता हुने एक जनाले एक करोड बराबरको पुरस्कार प्राप्त गर्ने आयोजकको भनाई छ । बिजेताले २० लाख नगदसहित एउटा कार र एक चलचित्रमा अनुबन्धित हुने अवसर प्राप्त गर्नेछन् । निर्देशक शोभित बस्नेत, निश्चल बस्नेत र पूर्व मिस नेपाल माल्भिका सुब्बा कार्यक्रमको निर्णायक छन् ।

## कोमलको समय कुर्दै राजुदेखि विमल

गायिका कोमल वलि राष्ट्रिय सभा सांसद भएपछि गायक गायिका उनको प्रतिक्षा गरेर बसेका छन् । रेकडिङ स्टुडियो उनको गाउने सेड्युल कुरेर बसेको छ । ०४५ सालमा आफ्नै बहिनी प्रज्ञा ओलीसँग रेडियो नेपालमा वालगीत रेकर्ड गराएकी कोमलले सोही गितलाई रिरेकर्ड गर्ने योजना बनाएकी थिईन् । बहिनी प्रज्ञाले स्वर भरिसकिन् । कोमलको बाँकी छ । 'वालगीतलाई रिरेकर्ड गर्ने भनेको मेरो कारण रोकिएको छ ।' कोमलले भनिन् ।

बिमलराज क्षेत्रीसँग कोमलले गाएको गीतको सम्पादन सकिइसक्यो । म्युजिक भिडियो बनेपछि मात्रै गीत सार्वजनिक गर्ने योजनामा रहेका विमलराज पनि कोमलकै समय कुरेर बसेका छन् । 'समय मिल्ने बित्तिकै विमलको गीतको भिडियो सुटिङका लागि सयम छुट्याउछु ।' कोमलको भनाई थियो । त्यसो त राजु परियार र कोमल वलिको स्वरमा पनि नयाँ गीत आउँदैछ । राजुको रेकडिङ सकियो, कोमलको बाँकी छ । करण न्यौपाने र जयकुमार परियारले पनि कोमललाई सोधेको सोध्यै छन् तपाईको समय कहिले मिल्छ ?

राजनितीक गतिविधीमा ब्यस्त भएकी कोमलले केही दिनमै रेकडिङका लागि समय मिलाउने बताईन् । उनले भनिन(‘गाउने काम म छोड्दिनँ । समय मिलाउदैछु ।' उनले भनिन् ।

## "लिलिबिली" भर्सेस "नेप्टे"

एकै मितिमा एकभन्दा बढी फिल्मले एकसाथ सिनेमा घरमा भिडन्त आरम्भ गर्नु यहाँ अहिले सामान्य भइसकेको छ । हालैमा 'मंगलम', 'हुर्रे' र ' गाजा बाजा' ले एकसाथ प्रदर्शन आरम्भ गर्दा सिनेबजारमा ठूलै तरंग ल्यायो ।

यस्तैमा आउँदो चैत ३० गते हुन लागेको दुई स्टार अभिनेताको भिडन्तले फेरि अर्को चर्चाको विषयलाई जन्म दिएको छ । यो मितिमा युवा स्टार प्रदीप खड्काको फिल्म 'लिलिबिली' र दयाहाङ राई अभिनीत फिल्म 'नेप्टे' देशैभर एकसाथ प्रदर्शनमा आउँदैछ ।

अहिलेको अवस्थामा यी दुबै नायकको क्रेज बलियो छ । दयाको खस्कँदै गएको क्रेज यस वर्ष प्रदर्शनमा आएको फिल्म 'मिस्टर झोले' र 'कान्छी' ले धेरै माथी उठायो । उता, प्रदीप अहिलेको अवस्थामा बलियो क्रेज बोकेका अभिनेता पर्छन् । 'प्रेमगीत' बाट रातारात चम्किएका उनले 'प्रेमगीत २' सम्म आइपुग्दा आफूलाई युवा स्टारको रुपमा उभ्याइसकेका छन् । चैत ३० मा दुई पुस्ताको प्रतिनिधित्व गर्ने अभिनेताको महासंग्रामलाई लिएर अहिले सिनेवृतमा बहस नै सुरु हुन थालेको छ । यी दुबै फिल्मको गीत र ट्रेलर सार्वजनिक भइसकेका छन् । चकलेटी अनुहारले हजारौ युवतीका ढुकढुकी बनेका प्रदीप र जस्तोसुकै भूमिकामा आफूलाई फिट राख्न सफल दयाको यो भिडन्तमा को अगाडि होला ? त्यो हेर्न बाँकी छ । तर, यी दुई अभिनेताको महायुद्ध हेर्न लायक हुनेमा शंका छैन । 'लिलिबिली' लाई मिलन चाम्सले निर्देशन गरेका हुन् । फिल्ममा प्रदीपका अलावा जसिता गुरुङ, प्रियंका कार्की, अनुप विक्रम शाही लगायतका कलाकारहरुको अभिनय छ । यस्तै, देव कुमार श्रेष्ठ निर्देशित 'नेप्टे' मा दयाका अलावा रोहित रुम्बा, छुल्ठिम गुरुङ्ग, वृद्दि तामाङ लगायतका कलाकारको प्रमुख भूमिका छ ।

## "मिस्टर भर्जिन" भदौमा

अन्ततः 'टुल्की' बोलको गीतका कारण चर्चामा रहेको फिल्म 'मिस्टर भर्जिन' ले आफ्नो रिलिज डेट तय गरेको छ । उक्त फिल्म अब आउँदो बर्ष २०७५ को भदौ १ गतेबाट प्रदर्शनमा आउने निर्देशक विशारद बस्नेतले जानकारी दिए । फिल्ममा गौरव पहारी, कमलमणी नेपाल, मरिष्का पोखरेल, भोलाराज सापकोटा, विजय बराल, रविन्द्र झा, सागर ढकाल, सिर्जना सुब्बा लगायतका कलाकारको अभिनय छ । 'मिस्टर भर्जिन' मा महेश दवाडीको कथा, रामेश्वर कार्कीको छायांकन, विक्रम स्वाँर र दीपकमान सिंहको कोरियोग्राफी र सुरज पण्डित, श्रीकृष्ण बम मल्ल, बुलेट फ्लो, आधा सुर, आर जे, मिस्टर प्रिन्सको संगीत छ । फिल्मलाई वर्ल्ड वाइड फिल्म्स डिस्ट्रिव्यूसन प्रा.ली. ले निर्माण गरेको हो । फिल्ममा खिलेन्द्र तिमल्सिना, प्रजापती सिवाकोटी, मुकेश रेग्मी र बिशारद बस्नेतको लगानी रहेको छ भने सहनिर्मातामा सन्दिप उप्रेती रहेका छन् ।

*(एजेन्सीहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Wrest = बलजफतले आफ्नो पक्षमा पार्नु To wrest a confession by giving torture is against human right (यातना दिएर दोष स्वीकार गर्न लगाउनु मानव अधिकारको विपरीत हुन्छ)

Yokel = गैवार वा पाखे Regarding him as a yokel, everybody laughs at him (पाखे सम्झेर सबैले उसलाई खिसी गर्दछन्)

Zap = जोस, जाँगर र क्षमता Being a woman, she is so full of zap that no can easily believe it (आइमाई भएर पनि तिनी यति जाँगरिलो र क्षमतावान छिन भन्ने कुरा कसैले पनि सजिलै विश्वास गर्दैनन्)

Adulterate = मिसावट गर्नु It is a crime to adulterate foods (खाद्य पदार्थमा अखाद्य कुरा मिसाउनु अपराध हो)

Burgeon = छिटोछिटो बढ्नु Third world countries have a burgeoning population (तेस्रो विश्वका देशहरूमा जनसंख्या छिटोछिटो बढ्दो छ)

Chicanery = धोकापूर्ण, छलकपटपूर्ण In developing countries, the politicians are always accused of chicanery (विकासशील देशहरूमा राजनीतिज्ञहरू प्रायः धोकापूर्ण अभिव्यक्तिको लागि आरोपित हुने गर्दछन)

Desiccate = सुकाउनु Fresh vegetable can be desiccated for future use (ताजा तरकारीहरू पछिको प्रयोगको लागि सुकाएर राख्न सकिन्छ)

Embellish = सिंगार्नु । राम्रो बनाएर प्रस्तुत गर्नु I do not like the cloth embellished with laces and ribbons (फित्ता र फुर्काफुर्की (रिवन) जडेर बनाइएको लुगा मलाई मनपर्दैन )

Fervor = संवेदनशील र भावनापूर्ण As he speaks with great fervor, he tends always to be cheered (ऊ संवेदनशील भएर भावपूर्ण किसिमबाट भाषण गर्ने भएको हुँदा ऊ सधैं थपडी र वाहवाहको पात्र बन्ने गर्दछ)

Gregarious = मिलनसार । सबैले मनपराउने For his gregarious way of dealing, there is hardly someone who does not like him - मिलनसार र सबैले मनपराउने किसमको व्यवहार गर्ने हुँदा उसलाई मन नपराउने सायद कमै होलान्)

## नेपालमा कसले के बनाए ?

| | |
|---|---|
| नक्सालको सन्तानेश्वर महादेव | • राजा शंकरदेव |
| भक्तपुरको दुईतले पशुपति मन्दिर | • जितामित्र मल्ल |
| काष्ठमण्डपको निर्माण | • लक्ष्मीनरसिंह मल्ल |
| वाग्मती किनाराको महादेव मन्दिर | • जंगबहादुर राणा |
| जैसी देवल | • लक्ष्मीनारायण शर्मा |
| दक्षिणकालीको स्थापना | • प्रताप मल्ल |
| कीर्तिपुर सहर र कीर्तिपुरको बाघभैरवको निर्माण | • सदाशिव मल्ल |
| गोकर्णेश्वर मन्दिर | • जयप्रकाश मल्ल |
| कुमारी मन्दिर | • जयप्रकाश मल्ल |
| शिखनारायण मन्दिर | • हरिदत्त बर्मा |
| पाल्पाको नारायण मन्दिर | • अमरसिंह थापा |
| बागदरबार | • भीमसेन थापा |
| नारायणहिटी भित्रको कीर्ति मन्दिर | • काजी धोकल सिंह |
| पशुपतिनाथको हालको मूर्ति | • जयसिंह देव |
| चिकमुगलको जय मन्दिर | • स्वरूप सिंह |
| सैनिक अस्पताल | • चन्द्रशमशेर |
| नरायणहिटी राजदरबार | • वीरशमशेर |
| मरूटोलको शिव मन्दिर | • रणबहादुर शाह |

## Look बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Look over = जाँच्नु । हेर्नु We must look over the house before we decide to rent it भाडामा लिने निर्णय गर्नुभन्दा पहिले हामीले घर हेर्नुपर्दछ ।

Look sharp = हतार गर्नु You would better look sharp otherwise you will be late तिमीले हतार गर्नु राम्रो हुन्थ्यो होला होइन भने ढिला हुनेछौ ।

Look to = ध्यान दिनु । केही गर्ला भन्ने आशाले हेर्नु People are looking to the new government जनताहरू नयाँ सरकारले केही गर्ला कि भनेर हेरिरहेछन् ।

Look to somebody = लाग्नु It looks to me that we have to enter from this door मलाई त हामी यही ढोकाबाट पस्नुपर्छ जस्तो लाग्दछ ।

Look to do something = केही गर्न सकिन्छ कि भनी हेर्नु He is now retired and looking to do something to activate himself ऊ निवृत्त भयो र आफूलाई सक्रिय राख्न केही गर्न सकिन्छ कि भनी हेर्दैछ ।

Look up = राम्रो अवस्थामा नआउनु । टाउको उठाइ हेर्नु Inflation is in rising trend, employment is missing, situation is definitely not looking up महँगी बढ्दैछ, बेरोजगार बढ्दैछ परिस्थिति साँच्चै नै राम्रो अवस्थामा आइरहेको छैन । As I entered the room, she looked up म कोठामा पस्नेबित्तिकै तिनले टाउको उठाएर हेरिन् ।

Look up to = आदर गर्नु She always looks up to her father तिनी आफ्नो पितालाई सधैं आदर गर्दछिन ।

Look through = सरर पढ्नु I gave her article a quick look through मैले उनको लेख सरर पढे ।

Look through somebody = वास्तै नगर्नु She just looked straight through me तिनले मलाई वास्तै गरिनन् ।

Look around = विकल्प खोज्नु । सबै पक्ष हेर्नु Without looking around well, I can not decide राम्ररी नहेरी र सबै पक्षको विचार नगरी म निर्णय दिन सक्तिन ।

## सुडोकु-अंक ९२

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | | | |
| २ | ४ | ३ | | | | ८ | ६ | |
| ८ | ५ | | २ | ६ | | | | |
| १ | | | | | | ३ | | |
| ९ | | | ६ | | २ | | | ५ |
| | | २ | | | | | | ४ |
| | | | | १ | ३ | | ४ | ७ |
| | ९ | ७ | | | | १ | ३ | ८ |
| | | | ४ | | | | | |

## अंक ९३ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ८ | ९ | ४ | ७ | २ | ३ | ६ | १ |
| ४ | २ | १ | ५ | ३ | ६ | ९ | ७ | ८ |
| ३ | ६ | ७ | १ | ८ | ९ | ४ | ५ | २ |
| ७ | ३ | ४ | ६ | ५ | १ | ८ | २ | ९ |
| १ | ५ | ६ | २ | ९ | ८ | ७ | ३ | ४ |
| २ | ९ | ८ | ७ | ४ | ३ | ६ | १ | ५ |
| ६ | ४ | २ | ९ | १ | ७ | ५ | ८ | ३ |
| ८ | १ | ५ | ३ | ६ | ४ | २ | ९ | ७ |
| ९ | ७ | ३ | ८ | २ | ५ | १ | ४ | ६ |

# बालक्लव व्यवस्थापन तालिमका झलकहरु
















## बालक्लव व्यवस्थापन तालिम

बाल विकास समाजले काभ्रे जिल्लास्थित बालक्लवलाई बालक्लव व्यवस्थापन तालिम सम्पन्न गरेको छ। अर्थपूर्ण बाल सहभागिता प्रवर्द्धनका लागि बालबालिकाहरुलाई उक्त तालिम दिइएको हो।

तालिममा बालक्लव के हो ? बालक्लवमार्फत अर्थपूर्ण बालसहभागिता कसरी सुनिश्चत गर्न सकिन्छ ? बालक्लव गर्न सक्ने कार्यहरु के के हुन ? बालक्लव कसरी सञ्चालन गर्ने आदि कुराको बारेमा सहजिकरण गरिएको थियो । तालिममा बालअधिकारका बारेमा समूहकार्यमार्फत प्रस्ट पारिएको थियो । तालिममा समुदाय तथा विद्यालयस्तरका बालक्लवका पदाधिकारीहरुको सहभागिता रहेको थियो । सोही तालिममा पनि बालबालिकाहरुलाई बालक्लव सञ्चालनका विभिन्न विधिहरुका बारेमा सिकाइएको थियो । तालिममा सहभागीहरु बालसहभागिता, बालसंरक्षण लगायतका विषयमा विभिन्न जिज्ञासा राखेका थिए। यस प्रकारका तालिमबाट बालबालिकाहरुको सशक्तिकरण हुनुका साथै बालक्लव सञ्चालनमा सहजता आउने कुरामा दुईमत नहोला । बालबालिकाहरुले यस्ता किसिमका विषयहरुमा चासोकासाथ लिने हुनाले पनि तालिम प्रभावकारी हुन्छ ।

त्यसैगरी काभ्रेको रोसीमा अर्को बालक्लव व्यवस्थापन तालिम सञ्चालन सञ्चालन गरिएको थियो । विशेष गरी तालिममा बालअधिकार र बालसंरक्षणको बारेमा व्यापकरुपमा छलफल गराइएको थियो । सो तालिममा पनि बालबालिकाहरुलाई बालक्लव सञ्चालन लगायतका विषयमा सहजिकरण गरिएको थियो । तालिममा बालअधिकार तथा बालसंरक्षणका विषयमा विभिन्न विधिको प्रयोग गरी छलफल गराइएको थियो । बालबालिकाहरुलाई यस प्रकारको तालिमबाट कतर्व्य तथा अधिकारका कुरामा सजग हुनका लागि थप प्रेरित गर्ने हुनाले पनि यस किसिमको तालिमको आवश्यक रहेको कुरा विद्यालयका शिक्षकहरुले बताउनु भएको थियो । तालिमबाट बालअधिकारको क्षेत्रमा काम वडामा बसेर काम गर्न थप प्रेरणा मिलेको प्रतिक्रिया जनप्रतिनिधिहरुबाट आएको थियो । तालिम समापनको क्रममा बाल विकास समाजका कार्यक्रम व्यवस्थापक प्रयासा केसीले वडास्तरबाट नै बाल संरक्षणका सवालहरुलाई उठाइ बालबालिकाहरुका समस्याहरुलाई निराकरण गर्नका लागि जनप्रतिनिधिहरुले ठोस भूमिका खेल्नु पर्ने कुरा बताउनु भएको थियो । त्यसैगरी से भ द चिल्ड्रेनका प्रतिनिधि भरत तामाङले यस तालिमबाट सहभागीहरुले बाल अधिकार, बालक्लव, बालसंरक्षण लगायतका विषयमा धेरै कुरा सिक्ने अवसर पाएका हुनाले सोही अनुसरा सिकेका कुरालाई व्यवहारमा लागू गर्नु पर्ने कुरा बताउनु भएको थियो । वडा स्तरबाट नै बालबालिकाहरुका लागि विशेष कार्यक्रम तयार गरी बालसंरक्षण समितिमार्फत उनीहरुका समस्याहरु पहिचान गर्न सकेको खन्डमा समस्या समाधान गर्न अप्ठयारो नपर्ने विश्वास समेत उहाले व्यक्त गर्नु भएको थियो। सोही अवसरमा वडा अध्यक्ष संरक्षण रहने गरी ९ सदस्यीय बाल संरक्षण समिति पनि गठन गरिएको थियो ।

## पाचौं चरणको क्षमता अभिवृद्धि तालिम

बाल विकास समाजले विद्यालय युवा सशक्तिकरण कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयमा अध्ययन गर्ने किशोरावस्थाका विद्यार्थीहरुका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी उनीहरुलाई जोखिम पूर्ण व्यावहारबाट संरक्षण हुन सहयोग पुऱ्याउँदै आइरहेको छ । बाल अधिकार, बाल दुर्व्यवहार, बाल यौन दुर्व्यवहार, एच. आइ. भी. एड्स बाल हिँसा तथा महिला हिँसा, गलत साथीबाट जोगिने उपाय, कुलतबाट बच्ने उपाय, जीवन उपयोगी सीप लगायतका विषयमा हरेक महिनाको प्रत्येक शनिबार यस संस्थाको केन्द्रीय कार्यालय कपनमा तालिम सञ्चालन संस्थाको आयोजनामा भइरहेको छ । तालिममा ११ देखि १९ वर्षसम्मका विद्यार्थीहरु सहभागी हुने गर्दछन् । यसैगरी ग्राम शिक्षा मन्दिर उच्च माद्यामिक विद्यालयका २४ जना ११ वर्षदेखि १९ वर्षसम्मका किशोरकिशोरीहरुका लागि क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको हो । उक्त तालिम सञ्चालनका लागि लाग्ने खर्चको ५० प्रतिशत लागत रकम सुरेन्द्र ढकाल प्रतिष्ठानले सहयोग गरेको हो । सुरेन्द्र ढकाल प्रतिष्ठानको आर्थिक सहयोग तथा बाल विकास समाजको आयोजनामा जीवनोपयोगी सीप तालिम सञ्चालन गरिएको हो । तालिममा जीवन उपयोगी सीपका फरक फरक विषयका बारेमा हरेक हप्ता सञ्चालन गरिन्छ ।

तालिममा तालिममा विद्यार्थीहरुले सक्रिय रुपमा सहभागिता जनाएका थिए । यस किसिमको तालिमबाट धेरै कुराको ज्ञान हासिल गर्ने मौका पाइने हुनाले यस तालिममा नियमित रुपमा सहभागी हुने कुरा विद्यार्थीहरुले बताएका थिए । तालिमबाट विभिन्न अप्ठयारो परिस्थतिबाट जोगिने उपाय सिक्दै बाल दुर्व्यवहारको विरुद्धमा उजुरी गर्ने तरिकाको समेत ज्ञान हासिल हुने हुनाले हामी किशोरावस्थाका विद्यार्थीहरुका लागि एकदमै उपयोगी हुने कुरा सहभागीहरुले बताएका थिए । दौतरीको माध्यमबाट बालबालिकाहरुलाई चेतनशिल बनाउने राम्रो कार्यको रुपमा यस तालिमलाई हेरिएको छ । यो क्षमता अभिवृद्धि तालिम प्रभावकारी रुपमा सञ्चालन भएको अवस्थामा पक्कै पनि सामुदायिक विद्यालयका बालबालिकाहरुलाई विभिन्न समस्याबाट जोगिनका निम्ति सहज हुने देखिन्छ । बाल विकास समाजको आन्तरिक स्रोतबाट सञ्चालित यो कार्यक्रमलाई यो वर्ष सुरेन्द्र ढकाल प्रतिष्ठानले सहयोग गरेको हो । संस्थाका तालिम अधिकृतको सहजीकरणमा सञ्चालित तालिम अहिले पाचौ हप्ता सम्पन्न भएको छ ।

बालबालिकाहरुका लागि दिवा खाजा कार्यक्रम

बाल विकास समाजले आफ्नो स्थापना काल देखिनै श्रमिक, सुविधाविहीन तथा जोखिममा रहेका नेपाली बालबालिकाहरूको क्षेत्रमा काम गर्दै आइरहेको छ । न्यूनआर्थिक स्थिती भएका, पिछडिएका समुदाय, दैनिक ज्यालादारीमा काम गर्ने, विपन्न वर्गका, श्रम क्षेत्रमा काम गर्ने अभिभावकका बालबालिकाको बालअधिकार र बाल विकासको प्रत्याभूति दिलाउने, बालश्रम न्युनिकरण गर्ने, उचित लालन–पालन तथा स्याहार सुसार बारे बाबुआमालाई व्यवहारिक ज्ञान दिनुका साथै श्रमिक आमा बाबुहरूलाई बच्चा बोकेर काम गर्नु पर्ने बाध्यता तथा दाइ दिदीले भाइ बहिनी हेरेर बस्दा विद्यालय जान नपाउने अवस्था हटाउन सहयोग पुऱ्याउने अवधारणा अनुसार यस समाजले दिवाशिशु स्याहार कार्यक्रम गर्दै आइरहेको छ ।

बालबालिकाहरूको शिक्षा, स्वास्थ्य र जनचेतनामूलक क्षेत्रमा संस्थाले प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने उद्देश्यले संचालन गर्दै आइरहेको यस कार्यक्रम हाल धादिङ र काठमाण्डौमा गरी २ वटा जिल्लामा संचालित छन् । साथै उक्त केन्द्रमा आउने बालबालिकाको लागि संस्थाले खाजाको व्यबस्था गरेको छ । बालबालिकालाई खाजा तालिका अनुसार दैनिक फरकफरक खाजा खुवाउने गरिन्छ । बालबालिकालाई खाजा खुवाउन दातृ संस्था वा अरु कसैको पनि भर पर्न नपरोस् वा दातृ संस्थाले सहयोग नगरेको अवस्थामा पनि केन्द्रमा आउने बालबालिकाले खाजा खानबाट बञ्चित हुन नपरोस् भन्नका खातिर खाजा कार्यक्रमलाई“बालबालिकासंग खाजा खाऔ कम्तिमा एक दिन सामाजिक उत्तरदायित्व वहन गरौ” भन्ने नाराका साथ अभियानको रुपमा संचालन गरिएको छ । हाल यस अभियानमा बाल विकास समाजका बोर्डका सदस्यहरु, बाल विकास समाजका कर्मचारीहरु, अन्य संघ संस्था तथा समाजसेवीहरुको सहभागीता रहेको छ । विषेशगरी आफना आफन्त, आमा, वुवाहरुको तिथी श्राद्ध, कुनै पनि किसिमको खुशीयालीको अवसर जन्मदिनको अवसर पारेर केन्द्रमा रहेका बालबालिकालाई खाजा खुवाउने गरिन्छ । यसै क्रममा समाजसेवी मिना रावतले आफ्नो स्व. दाजुको जन्म दिनको अवसरमा खाजा खुवाउनु भएको छ । उहाँले खाजाका लागि आवश्य रकम संस्थालाई हस्तान्तरण समेत गर्नु भएको छ । उहाँले बालबालिकाहरुलाई खाजा खुवाउने कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिने प्रतिवद्धता समेत व्यक्त गर्नु भएको छ ।

## ईट्टा उद्योगका बालबालिका विद्यालय जान थाले

भक्तपुर । ईट्टा उद्योगमा ईट्टा पार्नको लागि विशेषत काभ्रे, रामेछाप, सिन्धुली, सर्लाही, सिन्धुपाल्चोक आदि जिल्लाहरुबाट आउने गर्दछन् भने रोल्पा, सल्यान, दाङ्ग, जाजरकोट आदि जिल्लाहरुबाट ईट्टा बोक्नको लागि श्रमिकहरु आउने गर्दछन् । ईट्टा उद्योगमा सामन्यता ६ महिना काम हुने गर्दछ, ईट्टा उद्योगमा प्राय जसो सपरिवार सहित श्रम गर्नको लागि आफ्नो गाउँ छाडेर उपत्यकको ईट्टा उद्योगमा आउने गर्दछन् । यसरी श्रमिकका छोराछोरी भने गाउँमा ६ महिना विद्यालय जाने गर्दछन् र यता ईट्टा उद्योगमा भने धेरै जसो बालबालिकाहरु आफ्ना अभिभावकहरुसँग ईट्टा उद्योगमा अभिभावकहरुलाई आफुहरुले सक्ने काम गरी सहयोग गर्दै बस्छन् भने थोरै मात्र बालबालिकाहरु विद्यालय जाने गर्दछन् । अभिभावकहरुलाई शिक्षाको महत्वको कमि, गरिबी, जनचेतनाको कमि, नयाँ ठाउँ, छोराछोरीको कामको लोभ आदि कारणले गर्दा धेरै जसो अभिभावकहरुले आफ्ना छोरीछोरीहरुलाई विद्यालय भर्ना नगराई ईट्टा उद्योगमै बस्ने गर्दछन् । केहि अभिभावकले भने विद्यालय जाने उमेरका आफ्ना छोराछोरीहरुलाई भने गाउँमै छाडेर आउने गर्दछन् ।

बाल विकास समाजको आयोजनामा सेभ द चिल्ड्रेनको साझेदारीमा तथा भक्तपुर ईट्टा उद्योग व्यवसायी संघको साझेदारीमा संचालित “नेपालमा रहेका ईट्टा उद्योगमाकार्यरत बालबालिकाहरुको संरक्षण” परियोजना अन्तर्गत चाँगुनारायण नगरपालिका वडा नं. ८, सुडाल भक्तपुर स्थित श्री सरस्वती माता र महामञ्जुश्री ईट्टा उद्योगका श्रमिका बालबालिकाहरु विद्यालय जान थालेका छन् । बाल विकास समाजले उक्त दुई वट ईट्टा उद्योगहरुमा २ वर्ष उमेरदेखि ५ वर्ष सम्मका श्रमिकका छोराछोरीहरुलाई लक्षित गरी दिवा शिशु स्याहा तथा विकास केन्द्र, किशोरकिशोरीहरुका लागि अन्तरक्रिया कार्यक्रम, कामदार तथा अभिभावकहरुका लागि सकरात्मक बैठक आदि शैक्षिक तथा जनचेनामुलक कार्यक्रमहरु संचालन गर्दै आईरहेकोमा दिवा शिशु स्याहार तथा विकास केन्द्रले नसमेटिएका ५ वर्ष भन्दा माथिका करिब १५ जान बालबाकिलाहरु त्यहि वडामा रहेको महेन्द्रग्राम उच्च माध्यमिक विद्यालयमा पढ्न जाने गरेका छन् ।

बाल विकास समाज पैरवी तथा पहलमा सुडाल स्थित सरस्वती माता र महामञ्जुश्री ईट्टा उद्योग व्यवसायीहरु मिलेर उक्त विद्यालय जाने बालबालिकाहरुका लागि एक वटा गाडीको समेत व्यवस्था गरेको छ भने बालबालिकाहरु त्यहि गाडीबाट विद्यालय जाने र आउने गर्दछन् । यसरी विद्यालय गएका बालबालिकाहरुलाई विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति तथा शिक्षकहरुद्धारा विशेष हेरचार र बालमैत्री वातावरणका साथ पठनपाठन गराएको छ। यसरी आफ्ना ईट्टा उद्योगमा काम गर्न आउने श्रमिकका छोराछोरीलाई शिक्षाबाट वञ्चित नहोस् भन्ने उदेश्यले यस किसिमको प्रयास गरेकोमा हामी सबैले उहाँहरुलाई धन्यवाद दिनै पर्छ। साथै यस किसिमको सकरात्मक कार्यलाई अन्य ईट्टा उद्योग व्यवसायीहरुले अनुसरन गर्नु पर्छ । तसर्थ आगामी वर्षहरुमा यस किसिमको कार्य ईट्टा उद्योगको सिजनको शुरुमै गन्नु पर्छ ।

**प्रस्तुति : गोविन्द वि.क./भरत थापा**

## वैज्ञानिक...

भएका उनले यस क्षेत्रको 'ब्ल्याक होल' र सापेक्षता बारेमा कैयौं शोध सफलतापूर्वक सम्पन्न गरेका थिए । उनी मोटर न्युरोनसम्बन्धी रोगले लामो समयदेखि पीडित थिए ।

## सार्वजनिक बिदा...

सार्वजनिक बिदा दिइन्छ । राई लिम्बूहरुको उधौंली उभौलीको पनि बिदा दिइन्छ । हिन्दुहरुका महान चाड दशैं, तिहार, नेवारहरुको नेपाल संवत र तराईबासीहरुको छठ जस्ता पर्वहरुमा सरकारले बिदा दिँदै आएको छ ।

सबै जातजाति, धर्म संस्कृति र भाषाको राज्यले समान आदर गर्नुपर्छ । तर यसो भन्दैमा एक जातिको पर्वका लागि देशैभर बिदा दिइनु उचित हुन सक्दैन । गृहमन्त्रालयले सार्वजनिक बिदा कटौती गर्ने तयारी गरेको बताइन्छ । यो स्वागतयोग्य काम हो । जुन जातिको पर्व छ तिनै जातिलाई मात्र बिदा दिने गरे देशको प्रशासन पटक पटक ठप्प हुने थिएन । नारी दिवसमा नारीलाई, श्रमिक दिवसमा मजदुर हरुलाई, निजामती दिवसमा निजामती कर्मचारीलाई मात्र बिदा दिने गरी क्यालेन्डर फेरबदल गर्न आवश्यक छ ।

## भारतीय...

नै ध्वस्त हुने खतरा त्यत्तिकै बढ्दो छ । भारतीय नागरिकको खुला आगमन र भारतीय घुसपैठियाहरुको अवाञ्छित क्रियाकलापलाई रोक्ने पक्षमा यो सरकार छैन । भारतीय नागरिकहरुले जसरी सजिलै नेपाली नागरिकता हात पारेका छन् र भारतीयहरुको अनियन्त्रित घुसपैठ जसरी बढेको छ, त्यसले नेपालीहरु आफ्नै देशमा अल्पमतमा पर्ने र विस्थापित हुने सम्भावनालाई इन्कार गर्न सकिँदैन । भारतीय खुफिया एजेन्सी रअको संदिग्ध गतिविधि नेपाली राष्ट्रियताको निम्ति गम्भीर चिन्ताको विषय बनेको छ । नेपाल भारतीय चोर, डाँका, ठग, लुटेरा, मगन्तेहरु साधुसन्तहरुको क्रीडास्थलझैँ बनिरहेको छ । भारतीय प्रभुत्ववादको सामरिक, प्रशासनिक र सामाजिक नियन्त्रण गर्ने नीति नेपाली राष्ट्रियताको निम्ति अर्को चुनौती हो । इतिहासका घटनाहरुलाई बंग्याउने, ऐतिहासिक तथ्यहरु र जनश्रुतिहरुलाई नष्ट गर्ने तथा धर्मग्रन्थ काव्य, वेदहरुलाई समेत गलत व्याख्या गरेर नेपालको स्वतन्त्र अस्तित्व नै थिएन भनेर देखाउने कसरत समेत हुन थालेको छ । बुद्ध र सीतालाई भारतमा जन्मिएको प्रचार गरिनुले भारतको नियत प्रस्ट हुन्छ । नेपालमा धर्मको प्रचार गर्ने, तीर्थयात्रा, मठमन्दिर, देवालयहरु निर्माण गर्ने नाममा पुरातात्विक महत्वका मूर्तिहरु र सांस्कृतिक सम्पदाहरु चोरी गर्ने र नेपालीहरुको संस्कृतिलाई नष्ट गर्ने काममा समेत संदिग्ध चरित्रका कथित भारतीय साधुसन्त र बाबाहरु सक्रिय भइरहेका छन् । भारतीयहरु आफ्नै देशको कामकाजी भाषा अंग्रेजी प्रयोग गर्छन् तर नेपालमाथि भाषिक हमला गरिरहेका छन् । हिन्दी भाषालाई राष्ट्रभाषाको दर्जा दिलाउन भारत खोजिरहेको छ । प्रदेश नं. २ मा त कामकाजी भाषाका रुपमा हिन्दी भाषालाई लाद्न भारत सफल हुनै लागेको छ ।

कुनै पनि देशलाई समाप्त गर्नु छ भने सबभन्दा पहिला त्यो देशको संस्कृतिलाई नष्ट गर्नुपर्छ भन्ने साम्राज्यवादी मान्यतालाई भारतले अख्तियार गर्दै आएको छ । सदियौंदेखि सांस्कृतिक सम्बन्ध रहेको नाममा नेपालको सांस्कृतिक विविधता र सम्पदालाई नष्ट गर्न भारतले सांस्कृतिक अतिक्रमणलाई तीव्र पारेको छ । हिन्दी फिल्म, हिन्दी गीत, संगीत दर्जनौं टेलिभिजन च्यानल र पत्रपत्रिकाहरु नेपालको सहरबजार गाउँबस्ती र कुनाकाप्चामा पुर्‍याएका छन् । बालकदेखि ज्येष्ठ नागरि कसम्म भारतीय संस्कृतिका सिकार बन्न बाध्य छन् । कुनै पनि चाडपर्व, उत्सव, विवाह भोजमा मात्र होइन, होटल र रेष्टुराँ जाँदा होस् या सार्वजनिक सवारी साधनमा यात्रा गर्दा होस् हिन्दी गीत संगीत सिवाय सुन्न पाइँदैन । भारतीय सिने कलाकारलाई नेपाली बालबालिका समेतले चिन्छन् । उनीहरुका गीतहरु गुनगुनाउँछन् तर उनीहरु नेपाली सिने कलाकारहरुलाई चिन्दैनन् न त नेपाली गीत संगीत नै सुन्ने गर्छन् । युवा पिँढीलाई भारतीय छाडा र अश्लिल फिल्मले उच्छृङ्खल र उदासीन बनाइरहेको छ । भारतीय सांस्कृतिक आक्रमणले नेपालीहरुमा भारतीय दास मनोवृत्ति तयार गरिरहेको छ । अर्कोतिर दैनिक नेपालको करोडौं रुपैयाँ हिन्दी सिनेमा र गीत संगीतले लुटिरहेका छन् ।

नेपालको बजार र अर्थतन्त्र भारतीयहरुको नियन्त्रणमा रहेको छ । भारतीय वस्तुहरु बिना रोकटोक नेपालको बजारमा आउँछन् भने नेपाली उत्पादनहरुले भारतीय बजार नै पाउँदैनन् । सुपारी, अदुवा, अम्लिसो, अलैंची जस्ता वस्तुहरुलाई समेत भारतले सहज निर्यात हुन दिँदैन । आफैंले गलैंचा तयार गरेर नेपालको ट्रेडमार्कको दुरुपयोग गरी भारतले नेपालको गलैंचा उद्योग ध्वस्त बनाइसकेको छ । भूपरिवेष्ठित राष्ट्रको हैसियतले पाउने अन्तर्राष्ट्रिय पारवहन अधिकार समेत भारतले नेपाललाई दिन चाहँदैन । काँकरभिट्टा फुलबारी बगलाबन्द बाटो र विसरवापट्टन बन्दरगाह समेत सुरक्षा र अन्य बहानामा नेपाललाई प्रयोग गर्नबाट भारतले बारम्बार रोक्ने गरेको छ । खुला सीमा कारण दिनहुँ असंख्य भारतीय कामदार नेपाल भित्रिइरहेका छन् । नेपाली कामदारलाई उनीहरुले विस्थापित गरिरहेका छन् । तर भारतमा नेपाली कामदारले सहज तरिकाले काम पाउँदैनन् । उनीहरुले तीन पुस्ते लेखाउनुपर्छ र नागरिकता बुझाउनुपर्छ । नेपाली कामदारले श्रम गरेर ल्याएको पैसा सिमानाकामा एसएसबीले लुटेर हैरान पार्ने गरेको छ । नेपाली कामदारको पैसा सुरक्षित गर्न श्रम बैंकको विषयमा भारत उदासीन रहँदै आएको छ ।

सन् १९५० को शान्ति तथा मैत्री सन्धिको धारा छैठौंले नेपालको औद्योगिक र आर्थिक विकास एवं त्यो विकाससम्बन्धी ठेक्का पट्टाहरु भारतीयहरुलाई खुला गरेको छ । त्यसरी नै सातौं धारामा नेपालमा भारतीयहरुलाई बस्न, सम्पत्तिको भोग गर्न, व्यापार र वाणिज्यमा भाग लिन, चलफिर गर्न नेपाली नागरिकसरह विशेष अधिकार र सुविधा दिने कबुल गरिएको छ । उक्त सन्धिको कारण आज नेपालका ठूला उद्योगहरुमा भारतीय पुँजीपतिहरुको हैकम कायम भएको छ । नेपालका राष्ट्रिय पुँजीपतिहरु भारतीय पुँजी, प्रविधि, जनशक्ति, बजार र व्यवस्थापन लगायतका क्षेत्रहरुमा प्रतिस्पर्धा गर्न नसक्ने अवस्थामा छन् । भारतसँगको बिप्पा सम्झौता भारतीय उद्योगी र व्यापारीकै हितार्थ गरिएको छ । उनीहरुले नेपालमा गरेको लगानी डुबे राज्यले तिर्नेछ तर नेपाली उद्योगी व्यापारीहरुलाई भने त्यो सुविधा दिइएको छैन । कपाल काट्नेदेखि काठको काम गर्नेसम्म, कुँडाकर्कस बटुल्नेदेखि लिएर फलफूल, तरकारी, खाद्यवस्तु, अन्डा, कुखुरा र खसीको मासु साना ठूला होटल, यातायातका साधन र तिनका पाटपुर्जा, श्रृंगारका सामानहरु, औषधि, लत्ताकपडा, खेलौनाहरुको समेत बजार भारतीयहरुको हातमा परिसकेको छ । निजी विद्यालय र क्याम्पसहरुमा पढाउने शिक्षक तथा प्राइभेट संस्था र कम्पनीहरुमा काम गर्ने प्राविधिक जनशक्तिदेखि लिएर अन्य क्षेत्रमा काम गर्ने भारतीय कामदार हरुले नेपालीहरुलाई विस्थापित गरिसकेका छन् । नुनदेखि सुनसम्म मट्टितेल डिजेल पेट्रोल ग्यासदेखि सियोसम्म, दालचामलदेखि जहाजसम्म, सुरक्षाका लागि चाहिने हातहतियार लगायत अन्य विविध वस्तुहरुका लागि नेपाल भारतीयहरुको एकलौटी बजार बनेको छ । भारतसँग नेपालले बर्सेनि करोडौं डलर व्यापारघाटा व्यहोर्दै आएको छ । भारतीय एकाधिकार पुँजीपति वर्गका आर्थिक प्रभुत्वका कारण नेपालको राष्ट्रिय अर्थतन्त्र गम्भीर संकटमा परेको छ ।

सन् १९५० र १९६५ को सन्धि र १२ बुँदे दिल्ली सम्झौतापछि नेपालको आन्तरिक राजनीति पनि दिल्लीको हातमा पुगेको छ । ६ अगस्त १९५० मा भारतीय लोकसभामा बोल्दै जवाहरलाल नेहरुले नेपालको आन्तरिक राजनीति पनि भारतको निजी चासोको विषय बनेको बताएका थिए । २००७ सालदेखि २०१७ सालको बीचमा भएको सत्ता संघर्ष र दशवर्षे कथित माओवादी जनयुद्धमा भारतीय शासकवर्गले ठूलो भूमिका खेलेको प्रस्ट छ । ०६३।०६४ मा मधेसमा हिंसा मच्चाएर भारतले नेपालमा संघीयता प्रवेश गराएरै छोड्यो ।

नेपालले संविधान बनाउँदा आफ्नो भूमिका नपाएको झोंकमा नेपालमाथि पाँच महिना लामो युद्धभन्दा कष्टकर नाकाबन्दी भारतले लगायो । तराईका आप्रबासी भारतीयहरुलाई निर्लज्ज उकासेर तराईमा आगो दन्कायो । एक मधेस एक प्रदेशको एजेन्डा मधेसी दलहरुमा छिराएर तराई टुक्र्याउने रणनीति भारतले बनाएको स्मरणीय छ । २०४६ सालको जनआन्दोलनपछि नेपालमा भारतको नांगो हस्तक्षेप झनै बढ्न थाल्यो । सरकार बनाउने र गिराउने निर्णायक शक्तिका रुपमा भारत रहँदै आएको छ । महाकाली सन्धिका विरोधी मदन भण्डारी र जीवराज आश्रित भारतीय षड्यन्त्रमै त्रिशुलीमा खसालिए । राजा वीरेन्द्रको वंश विनाश गराउन भारत सफल मात्र भएन माओवादी विध्वंशको बलमा संविधानसभा जन्माएर त्यसबाट राजतन्त्रकै अन्त्य समेत भारतले गरायो । भारतीय सैनिक हस्तक्षेप, सीमा अतिक्रमण र सिक्किमीकरण नेपालको राष्ट्रिय स्वतन्त्रता र सार्वभौमिकताका खतराको विषय बनेर आज उपस्थित भएको छ ।

जवाहरलाल नेहरुले नै नेपालको सुरक्षा र परराष्ट्र मामिला भारतले हेर्न पाउनुपर्ने जिकिर गरेका थिए । उत्तर हिमालयसम्म भारतले आफ्नो सीमा ठान्ने छ भन्ने नेहरु भनाइ अर्थात नेहरु डक्ट्रिनलाई मोदी सरकारले पनि पछ्याइरहेको छ । नेपाललाई फिजीकरण भुटानी गर्दै सिक्किमीकरण गर्ने भारतीय हैकमवादको मुरादलाई देशभक्त नेपालीहरुले अवश्य पूरा हुन दिने छैनन् ।

## ५० बिघा...

स्थान्तरण गरेर भारतले नेपाली भूभाग कब्जा गरेको हो । देशमा अहिले राष्ट्रवादी भनिएका केपी ओली कार्यकारी प्रमुख छन् । भारतसँग 'टनेल वार' गर्न तम्सिने माओवादी पनि सत्तामा छ । तर भारतले नेपाली जमिनमाथि आफ्नो स्वामित्व कायम गर्दा समेत एमाले, माओवादी कोही बोल्दैनन् । भारतले झन्डै ८६ स्थानमा सीमा मिचेको सीमाविदहरुले बताउँदै आएका छन् । कालापानीमा भारतले सैन्य अखडा जमाएको छ भने नवलपरासीको सुस्ता क्षेत्र निल्न लागिसकेको छ । खुला सीमाका कारण एकातिर नेपालमा भारतीयहरु ओइरिइरहेका छन् भने सीमा स्तम्भ फालेर, सारेर भारतले नेपाली भूभागलाई आफ्नो मानचित्रमा गाभिरहेको छ ।

## भारतीय...

सरकारले प्रतिबद्धता जनाएअनुसार ऋण उपलब्ध नगराएको र किसानहरूलाई मुआब्जा पनि नदिएको बताएका छन् । महाराष्ट्र सरकारले भने किसान आन्दोलनको अन्त्यका लागि वार्तामा बस्न सरकार तयार रहेको बताएको छ । किसानहरूले चर्को मूल्यवृद्धि भए पनि सरकारले सोअनुसार मूल्य नियन्त्रण गरी किसानलाई राहत प्रदान गर्न कुनै कदम नचालेको आरोप लगाएका छन् ।

किसानहरू नासिक जिल्लाबाट निरन्तर ६ दिनसम्मको पैदल यात्रा पार गरेर मुम्बईस्थित आजाद मैदानमा आएर प्रदर्शनमा सहभागी भएका हुन् । यो किसान आन्दोलनको नेतृत्व भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) को राष्ट्रिय किसान संगठनले गरेको छ । प्रदर्शनमा अधिकांश स्थानीय आदिवासी किसानहरू सामेल भएका हुन् । आन्दोलनमा सहभागी किसानहरूले ऋणमाफीसहित उत्पादित वस्तुमा डेढ प्रतिशत बढी मूल्य दिनसमेत माग गर्दै आएका छन् । भारतमा सरकारले किसानलाई सहयोग पुर्‍याउन भन्दै उत्पादनको मूल्य निर्धारण गर्ने गर्छ ।

यसैबीच, मुम्बईमा आन्दोलनरत ३५ हजारभन्दा बढी किसानका प्रतिनिधिमण्डलसँग मुख्यमनत्री देवेन्द्र फडणवीसले किसानका सबै माग पूरा गर्ने आश्वासन दिएका छन् । मुख्यमन्त्रीले वनको भूमि उपयोगबारे ६ महिनामा समाधान खोज्न निर्देशनसमेत दिएका छन् । उनले किसानका समस्या हल गर्ने विषयमा उपाय खोज्नका लागि ६ जना मन्त्री रहेको समितिसमेत बनाएका छन् । यो आन्दोलनमा विपक्षी दलसहित भारतीय जनता पार्टीको गठबन्धनमा रहेको शिवसेनाले समेत समर्थन जनाएको छ ।

## इजरायल...

छ । केयरगिभरमा जान खोज्नेले आवेदन दिने र त्यस्ता युवायुवतीलाई पिबाले आफू खुसी छनौट गरी एक सय जनामा झारेर परीक्षा लिने गर्छन् । पछिल्लो दुई वर्षको अवधिमा आवेदन दिएकामध्ये दुई सयलाई परीक्षा गराएर १ सय १९ छनौट गरिएको थियो । महिनामा सरदर १ लाख कमाइ हुने र लागत खर्च पनि एक लाखभन्दा बढी नहुने भएकाले इजरायलको रोजगारी आकर्षक मानिन्छ ।

इजरायलमा जिटुजी सम्झौता भएका कारण विभागले मात्र कामदार पठाउने गर्छ । यसअघि दुई चरणमा गरी एक सय १९ जनालाई विभागले छनोट गरेकोमा २५ जना अझै जान सकेका छैनन् । पहिलो चरणमा ५९ र दोस्रो चरणमा ६० जनालाई विभागले छनोट गरेको थियो । म्यानपावरमार्फत इजरायल जाँदा कामदारले ८ देखि १० लाख रुपैयाँसम्म तिर्नुपर्थ्यो । नर्सिङ, अनमि र अहेबहरुल समेत इजरायल जानका लागि प्रतिस्पर्धा गर्न थालेका छन् ।

## बल्ल गयो...

इजलासबाट बहिष्कार गरे । अहिले सर्वोच्चका न्यायाधीश हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ, डा. आनन्दमोहन भट्टराई, ईश्वर खतिवडा, अनिलकुमार सिन्हा र सपना मल्ल प्रधानले मुद्दा सुनुवाईका लागि बेन्च बहिष्कार गरे भने ८ जना न्यायाधीश बिदामा बसिदिए ।

तर प्रधानन्यायाधीश विवाद प्रकरणमा नेपाल बार एसोसिएसन मौन बस्यो,कर्मचारी युनियनले पराजुलीको पक्षपोषण गरे । बार यस विषयमा तटस्थ बस्नु प्रधानन्यायाधीश पराजुलीलाई सहयोग पुर्‍याउनु होइन र ? विवादित बनेपछि नैतिकताका आधारमा पराजुलीले राजीनामा दिनुपर्ने हो । तर पराजुलीले राजीनामा दिने कुरा त परै जाओस् न्यायपरिषद्ले उनलाई पदमुक्त गर्ने निर्णय गर्दा पनि उनले त्यसलाई असंवैधानिक निर्णय भन्दै सर्वोच्च अदालत नछोड्ने बताएका छन् । न्यायपरिषद् सचिवालयले पराजुलीलाई सचिवालयमा रहेको नागरिकता, शैक्षिक योग्यता, सिट रोल विवरण र परीक्षा नियन्त्रण कार्यालयको विवरणका आधारमा पराजुलीको पदावधि सकिएको जानकारी गराएको छ । राष्ट्रपति विद्यादेवी भण्डारीलाई शपथ गराएको ५ मिनेटपछि नै उनी पदमुक्त भइसकेको परिषद्को पत्र राष्ट्रपति कार्यालयमा दर्ता भएको हो । प्रधानमन्त्री केपी शर्मा ओलीले पराजुलीलाई सम्मानजनक तवरले राजीनामा दिन वा बिदामा बस्न सुझाए पनि उनले नमानेपछि प्रमले अब महाअभियोग लगाउनुको विकल्प नरहेको बताएका छन् । यसैबीच सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश दीपकराज जोशीले कायममुकायम प्रधानन्यायाधीशका रुपमा हिजो पदभार ग्रहण गरेका छन् । कामु प्रधानन्यायाधीश जोशीले पदबहालीलगत्तै इजलास तोकी काम समेत शुरु गरेका छन् ।

## नेकपा माले...

हवाई दुर्घटनामा निधन हुनेहरुप्रति श्रद्धाञ्जली प्रकट गरेको छ । विज्ञप्तिमा भनिएको छ- 'गत सोमबार बंगलादेशको राजधानी ढाकाबाट काठमाडौं आएको युएस् बाङ्गला एयरलाइन्सको विमान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा दुर्घटना भएको स्तब्धपूर्ण समाचारले हामी अत्यन्त मर्माहत भएका छौं । उक्त दुर्घटनामा परी बाङ्गलादेशमा अध्ययनरत नेपाली विद्यार्थीहरुसहित ४९ जना यात्रुहरुको दुखद मृत्यु भएको छ भने २२ जना यात्रुहरु घाइते भएका छन् । नेकपा (माले) उक्त दुर्घटनामा परेर ज्यान गुमाउने सबैमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछ । साथै शोकसंतप्त परिवार तथा आफन्तजनमा गहिरो समवेदना व्यक्त गर्दछ । दुर्घटनाको वास्तविक कारण पत्ता लगाउन सरकारद्वारा गठित छानबिन आयोगले यथाशीघ्र सत्य-तथ्य पत्ता लगाई जनसमक्ष ल्याओस् भन्दै घाइतेको समुचित स्वास्थ्योपचार गरियोस् भनी सरकारसँग जोडदार माग गर्दछौं ।'

## सि जिन...

कम्युनिस्ट पार्टीमा नयाँ नेतृत्व आउने गरेको थियो । दुई कार्यकालको राष्ट्रपतीय समयसीमा हटाइएसँगै राष्ट्रपति सिलाई दुई कार्यकाल बढी राष्ट्रपति बन्न सक्ने बाटो खुलेको हो । चीनमा राष्ट्रपतिलाई आफूले चाहेसम्म राष्ट्रपतिमा बस्न दिनुपर्छ वा पर्दैन भन्ने विषयमा बहस भएको छैन । शान्तपूर्वक तर निश्चित रुपमा सिले आफ्नै शैलीमा आफूलाई राजनीतिको केन्द्रबिन्दुमा राख्दै चीनको शासकीय तरिकालाई परिवर्तन गरेका छन् ।

चिनियाँ राष्ट्रपति सि जिन पिङले आफ्नो पुस्तक 'द गभर्मेन्स अफ चाइना' को पहिलो खण्डमा लेखेका छन् सानो माछा भुट्न जति अप्ठ्यारो हुन्छ ठूलो देशलाई शासन गर्न पनि त्यति नै गाह्रो हुन्छ । केही महिनाअगाडि प्रकाशित दोस्रो खण्डमा सिले थपेका छन्- चीनको वास्तविकता र जनताको आकांक्षाप्रति हामी पूर्ण रुपमा जानकार हुन जरुरी छ । आफू हिउँको पातलो सतहमाथि वा ठूलो भड्खालोको किनारमा उभिइरहेको अवस्थामा भएझैँ गरी हामीले आफ्ना जिम्मेवारीलाई अत्यन्तै सावधानीपूर्वक निर्वाह गर्नुपर्ने हुन्छ । सिका अभिव्यक्ति तथा लेखलाई पुस्तकमा समेटिएको छ । चीन कसरी शासित भएको छ तथा शासनप्रति सिको दूरदर्शिता बुझ्न उनका पुस्तकका यी दुई अध्ययन गर्न जरुरी छ । सर्वविदित छ चीनको व्यवस्था एकदलीय कम्युनिस्ट व्यवस्था हो । पश्चिमा शक्ति राष्ट्रहरु यही कारण चीनमा प्रजातन्त्र छैन भन्ने आरोप लगाउँछन् । तर सिले राष्ट्र र जनता केन्द्रित शासन गरिरहेका छन् । लोभलाग्दा सफलताको माध्यमबाट सम्पन्न र आत्मविश्वासिलो मुलुकका रुपमा चीन खडा भएको छ । कथित प्रजातान्त्रिक मुलुक भनिएकाहरुमा भोकमरी, रोग, अल्पायु मृत्यु तथा नारकीय जीवनबाट जनतालाई मुक्त गर्न सकेका छैनन् । अमेरिका जस्तो महाशक्ति राष्ट्रले आफ्नो जनतालाई दिन नसकेको कुरा चीनले चिनियाँहरुलाई दिएको छ । उत्कृष्ट भौतिक तथा सांस्कृतिक पूर्वाधारका लागि चीनले अमेरिका र युरोपलाई पछि पारिसकेको छ । आफ्नै पौरखले यस्ता पूर्वाधार विकास गरेकोमा चिनियाँ जनता खुसी छन् । मात्र चार दशकको अवधिमा विश्वका प्रमुख नेतृत्वदायी देशहरुको सूचीमा चीनले स्थान बनाइसकेको छ ।

चिनियाँ मामिलाका ज्ञाता समेत रहेका अमेरिकी लेखक डेभिड सम्बोगले आफ्नो पुस्तक चाइनाज कम्युनिस्ट पार्टी, एट्रोकी एन्ड एडेप्टेसनमा चिनियाँ व्यवस्थाको प्रशंसा गरेका छन् । चीनले उच्च क्षमतामा आधारित शासन व्यवस्थालाई अँगालेको कुरा उनले लेखेका छन् । समयअनुसार कम्युनिस्ट पार्टीले आफूलाई परिमार्जन गर्दै लगेको भनाइ साम्बोगको छ । चीन लक्षित पश्चिमा आलोचकहरुले सिले पुनः दोस्रो कार्यकाल सम्हाल्ने बित्तिकै सिलाई नयाँ सम्राट तथा जिन्दगीभर तानाशाह बन्ने विश्लेषण गरेका छन् । निःसन्देह उनी शक्तिशाली बनेका छन् । इकोनोमिक्स म्यागजिनले उनलाई विश्वकै सबभन्दा शक्तिशाली राष्ट्रपतिको रुपमा व्याख्या गरेको छ । चिनियाँ कम्युनिस्ट पार्टीको १९ औं भेलाले माओ र देङसियाओपछिका शक्तिशाली चिनियाँ राष्ट्रपतिका रुपमा चित्रण गरेको छ । चीनको नीति निर्माण गर्ने सर्वोच्च निकाय चिनियाँ कम्युनिस्ट पार्टीको स्थायी समितिका सातैजना र सो पार्टीका २५ जना पोलिटब्युरो सदस्य सिका भक्तहरु होइनन् । सि तानाशाह भए उनीहरु चुप लागेर अवश्य बस्ने छैनन् । पार्टीको आन्तरिक बैठकको विभिन्न तहबाट निर्णय लिइन्छ । पार्टी तथा राज्यका विभिन्न निकायको संयुक्त सहभागितामा कतिपय अवस्थामा निर्णयहरु हुने गर्छन् । चीनमा चलेको सांस्कृतिक क्रान्ति (१९६६-७६) ले माओलाई पार्टीभन्दा पनि शक्तिशाली बनायो । जसले चीनमा अव्यवस्था हावी भएको थियो । चिनियाँ कम्युनिस्ट पार्टीले यसबाट पाठ सिकिसकेको छ । सिलाई शक्तिशाली बनाएर माओकालीन गल्ती पार्टीले गर्ने छैन । यदि चीनमा सि तानशाह बने चिनियाँ कम्युनिस्ट पार्टीको अस्तित्व समेत समाप्त हुनेछ । सि थप एक कार्यकालका लागि मात्र कम्युनिस्ट पार्टी र केन्द्रीय सैनिक आयोगको प्रमुखको जिम्मेवारीमा छन् । यो जिम्मेवारी असीमित कालका लागि अहिले नै दिइएको छैन । चिनियाँ विशेषतामा आधारित समाजवादको निर्माण गर्ने महत्वकांक्षाका साथ राष्ट्रपति सिले कदमहरु चलिरहेका छन् । अमेरिकालाई पछि पार्दै विश्वको सबैभन्दा ठूलो सम्पन्न मुलुक बन्ने मूल उद्देश्य प्राप्तिका लागि चीन लम्किएको छ । विश्व मामिलामा चीन ठूलो भूमिका खेल्न चाहन्छ । यसका लागि नयाँ नेतृत्व ल्याएर समय खेर फाल्न चिनियाँ कम्युनिस्ट पार्टी अवश्य चाहँदैन । भ्रष्टाचारको अन्त्य गर्दै जनतालाई सुशासन दिएर सिजिन पिङ चीनलाई विश्वको अति महाशक्ति राष्ट्र बनाउन चाहिरहेका छन् ।

नियात्रा

खोमदत्त बराल

# बेलायतको सेरोफेरो-१७



२०६८/०४/०९

मेडम तुसाद बेलायतको हेर्न लायको स्थान हो । तीनवटा हलमा विश्वका राजनीतिकर्मी कलाकार र विज्ञान बेत्ताहरुको मैन मूर्ति बनाइएका छन् । करिव करिव मान्छेहरु उस्तै नै बोलि हाल्लान चलि हाल्लान जस्तो देखिने भएकैले होला यस्ता मैनमूर्तिको प्राणीलाई जीवित प्राणी झै आदरका साथ संगै बसेर फोटो खिचाउँन आगन्तुकहरुको भिड लाग्दो रहेछ । नयाँ हिरो जोनदिप नामको मैनमूर्तिसंग फोो खिच्न केटाकेटीहरुको लामै समयसम्म पर्खे । केटाकेटीको रहरलाई परिमूर्ति नै आमा बाबुको कर्तव्य र जिम्मेवारी पनि रहेछ । उनीहरुको खुशी नै आफ्नो खुशी सम्झनु पर्छ । हामी हलको गेटमा धेरै वेर पर्खौ ढिलो गरेको उमाजी खोज्न गइन । पछि मात्र तीन जना भएर आए । लामै समय यस मेडम तुसादम विताइयो । जोनदिप सामुन्द्रिक डाकु नामक फिल्मको हिरोको रुपमा प्रख्यात रहेछ । हामी बाहिर निस्क्यौ । बाहिर निस्कँदा ट्याक्सीबाट विविध घटनाहरु देखाउँदै कम्पनीको टेम्पोमा नै सडकमा ल्याइ दियो । सयौ ट्याक्सीहरुको ताँती । दुइ दुइ जना बस्न मिल्ने । स्वचालित यन्त्रमा ट्याक्सीहरु रखखिएका । ती ट्याक्सी कैले आफसे आफ दाइ फर्कने कैले देब्रे तर्फ फर्कने धेरै जसो सिधा अगाडी पट्टि चल्ने । यो पनि विज्ञान निर्मित संयन्त्र अनौठो र अचम्मको वस्तुको रुपमा पाइयो ।

आज दिनभरी नै गाडी चढिउन । धेरै वेर घरै वसियो । कान्छाले काम गर्ने कम्पनी हामी बसेको घरबाट नजिकै पर्दछ । गुज्राती भाइको कम्पनी रहेछ । हामी बाबु आमासंग भेट्न गुज्राती भाइले आमन्त्रण गरेकोले जाने निधोमा पुग्यौ । नेपालको केही चिन्ह उपहार दिन आवश्यक ठलटाइयो । बजारमा उपलब्ध नेपाली सामान या उपयुक्त खुकुरी नै लागेकोले खुकुरी उपहारका साथ गएर भेट गर्‍यो । उनले पनि चिया नास्ता खुवाए । फूल गुच्छा विकासे समयको उचित श्रद्धा र सद्भाव व्यक्त गर्ने माध्याम पनि हो । फूल कोमलताको प्रतिक पनि । एक आघा घण्टाको गफगाफ र भेटघाट विताएर घरमा फर्क्यौ । यही नजिकै सानो तिनो बजार छ । फर्कने समय नजिकिदै छ । केही सामान खरिद गर्न आवश्यक पनि छ । बजारतिर जाने शुर कसियो । लागियो बजारतिर । उलिच आसेनल बजारमा नेपाली बंगाली आफ्रिकनहरु प्रशस्त भेटिदा रहेछन् । बेलायती बाटोमा नेपालका केटाकेटीहरु प्रशस्त भेटिन्छन् । बुलिच बजारतिर जाने क्रममा एक जना नेपाली युवाले माफ पाउँ भन्दै आफु लुटिएको कुरा राखे । की सहयोग याचना पनि गरे । तर हामी बाटामा हिडदै गरेका मानिस उनको दर्द बुझेर सहयोग गर्न सकेनौ । यस्तो आफ्नो संरक्षण गर्न नसक्ने ढंग नभउको मानिस किन विदेश आउनु पर्‍यो भन्ने पनि लाग्यो । भिसा सकिएर काम नपाएर बसेको होला भन्ने पनि लाग्यो ।

असिम यहाँ चोरी र लुटपाट बढेको छ, एक्लै दुक्लै हिड्न अप्ठेरो भएको छ, भन्दै थिए । घरमा नै गएर लुटपाट हुन्छ । त्यसो हुँदा केटाले भनेको ठिकै पनि होला । यस्ता कति नेपालीहरु लुटिएका छन् र काम नपाएर त्यसै बसेका पनि छन् र साथी भाइले पनि महिनौ दिन पालेका पनि छन् रे । पसलमा उमाजीहरु केही सामान छान्दै थिए । केहीं किन्ने विचारमा पनि होलान । सडकसाइड फुटपाथमा बसेर मानिसको आवत जावतमा नियाल्दै बसेको थिए । दुइ जना नेपाली युवाहरु गफगाफमा रमाउँदै थिए । यी भाइहरु कहाँबाट आएको हो भनेर सोधे । युवाहरुले यसो हेरे । कुनै प्रतिकृया नजनाउँदै अघि बढे । ए यो त बेलायत पो हो त । काठमाण्डौ पनि होइन र कुनै जिल्लाको सदरमूकाम पनि होइन । यत्रो ठूलो विकसित मुलुक । बाबु बाजेको पौरखले आर्जन गरेको वासस्थान । मलाया र ब्रुनाइएको जंगलमा रगत, पसिना र ज्यानसंग साटेर पाएको बेलायती वासस्थान । साम्राज्यवादी कुइरेहरुले श्रद्धा र विश्वास गरेको पंगोलियन जिलका युवाहरु । उनीहरुलाई बाबु बाजेको खतराजनक जीवनमा के कस्तो दुःख र कष्टहरुले टेकेरपार गरे होलान् ।यी युवाहरुलाई बाबु बाजेले आफ्नो रगत र पसिनासंग साटेर पाएको बेलायती वासस्थानको मूलइ के थाहा होला र ती केटाहरुले बेवास्ता गर्दा उनीहरुको घमण्ड हो या नादान । वास्तवमा यो नेपाली । बुढो ज्यानको व्यक्तिलाई बेलायतको सामय र सम्भयताको कति नै ज्ञान होला र । सस्तैसंग लाग्ने पहाडे जाँड बजारको बजारमा जस्तो कुनै गाउँको व्यक्ति भनेर चिनजान गरे जस्तो यो बेलायतको विकासे शहरमा कसले वास्ता गर्छ र । त्यसपछि पनि बजारमा धेरै नेपाली युवा भुवतीहर भेटिए । सोध्न चाहि सोध्न कोशिष गरे । तर कानमा लगाएको मोवाइलको तानावानाले उनलाई पनि विस्तृत भै सकेको नेपाल र नेपाली भाषाले कानको बाटोबाट मुटुको धड्कन छुन सकेन । त्यसै त्यसै आफैभित्र खुम्चेर समय विताए ।उमाजी र छोरीले के के सामान किनेर बाहिर निस्के । असिम बाबु साथीसंग भेट गर्न गएका छन् । *(क्रमशः)*